जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १०५ • २०८३ साल भाद्र १७ गते बुधवार (2 September, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## खोज, उद्धार तथा राहत वितरणप्रति असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रमुख विपक्षी दलहरूले भोटेकोशी बाढी प्रभावित क्षेत्रका नागरिकहरूको खोज, उद्धार र राहत वितरणमा सरकार असफल देखिएको आरोप लगाएका छन् ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मंगलवार बोलाएको सर्वदलीय बैठकमा बाढी प्रभावित क्षेत्रका जनताको खोजी र उद्धारका लागि खासगरी अन्तर्राष्ट्रिय सहयोग लिन असफल देखिएको विपक्षी दलहरूले बताएका छन् ।

प्रमुख प्रतिपक्ष दल कांग्रेसका प्रवक्ता देवराज चालिसेले सुरुङमा थुनिएका व्यक्तिहरूलाई खोजी र उद्धार कार्यमा सरकारले प्राविधिक सहयोग लिन हिचकिचाएको आरोप लगाए ।

सो बैठकमा पूर्वपरराष्ट्रमन्त्री एवं एमालेका नेतासमेत रहेका प्रदीप ज्ञवालीले सुरुङमा फसेका व्यक्तिहरूको उद्धारका लागि सरकारले अन्तर्राष्ट्रिय सहयोग नलिएकोमा ध्यानाकर्षण गराए ।

प्रभावित क्षेत्रका पीडित नागरिकहरूलाई राहत वितरण गर्ने कुरामा पनि सरकारले प्रदेश र स्थानीय सरकारसंग समन्वय नगरेकोमा असन्तुष्टि व्यक्त गरे ।

यता रास्वपाका प्रवक्ता जगदीश खरेलले बाढी तथा पहिरो प्रभावित जिल्लाहरूमा प्रदेशदेखि स्थानीय तहसम्मै सर्वदलीय संयन्त्र बनाएर उद्धार तथा राहतमा खटिने सहमति भएको जिकिर गरे । बैठकमा विपक्षी दलहरूबाट समेत महत्वपूर्ण सुझाव आएको र सोही अनुसार सरकार अगाडि बढ्ने उनले प्रस्ट्याए ।

तत्काल खोजी, उद्धार र राहतका काम तीव्र गतिमा भइरहेको बताउँदै उनले आगामी दिनमा पुनर्निर्माण तथा व्यवस्थापनका लागि पनि बलियो राजनीतिक संयन्त्र आवश्यक पर्ने उल्लेख गरे । यस पटकको बाढी पहिरोले भूकम्पभन्दा पनि बढी क्षति पुऱ्याएकाले यसको दीर्घकालीन समाधान र व्यवस्थापनका लागि दलहरूबिच साझा सहमति बनेको उनले दाबी गरे ।

तथापि विपद् पूर्वजोखिम न्यूनीकरण सम्बन्धमा भने सरकारको पर्याप्त ध्यान पुग्न नसकेको भन्दै उनले स्वीकार गरे । यसमा देखिएको कमीकमजोरीलाई हटाउँदै आगामी दिनमा गम्भीर समीक्षा गरी अघि बढ्ने उनले स्पष्ट पारे ।

### बाढी प्रभावित क्षेत्रमा मधेश सरकारको राहत

## मधेश प्रदेशका प्रति मृतक परिवारलाई एक लाख, निःशुल्क उपचार

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशी तथा त्रिशूली नदी क्षेत्रमा गत बुधवार आएको प्रलयकारी बाढीबाट प्रभावित मधेश प्रदेशका नागरिकका परिवारलाई राहत, घाइतेलाई निःशुल्क उपचार तथा प्रभावित क्षेत्रमा राहत सामग्री पठाउने मधेश प्रदेश सरकारले निर्णय गरेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवको अध्यक्षतामा मंगलवार मधेश भवन, जनकपुरधाममा बसेको मन्त्रिपरिषद्को बैठकले बाढी तथा त्यसबाट सिर्जित विपद्का कारण मृत्यु भएका मधेश प्रदेशका नागरिकका परिवारलाई राहत प्रदान गर्ने निर्णय गरेको छ ।

मधेश प्रदेशका मृत्यु भएका नागरिकको परिवार वा कानुन बमोजिमका नजिकका हकवालालाई प्रति मृतक एक लाख रुपैयाँ पारिवारिक राहत उपलब्ध गराउने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री युवराज भट्टराईले जनाएका छन् । सप्तरीका एकजनाको मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ ।

बाढीका कारण घाइते भएका मधेश प्रदेशका नागरिकलाई प्रदेश सरकार मातहतका प्रादेशिक अस्पतालमा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउने निर्णय भएको उनले बताए । प्रदेशका स्वास्थ्य संस्थामा उपलब्ध हुन नसक्ने विशेषज्ञ सेवा वा अत्यावश्यक उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी उपचारको व्यवस्था मिलाउने व्यवस्था गरिएको अर्थमन्त्री भट्टराईले बताए ।

'मधेश सरकारले बाढी प्रभावित क्षेत्रमा सात हजार थान कम्मल र सात सय सेट टेन्ट पठाउने भएको छ' उनले भने, कूल एक करोड ९६ लाख रुपैयाँ बराबरको



राहत सामग्री पठाउन लागिएको छ । गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोमार्फत नुवाकोट र रसुवाका जिल्ला प्रशासन कार्यालय, वागमती प्रदेश सरकार तथा प्रभावित स्थानीय तहका जनप्रतिनिधिको रोहबरमा हस्तान्तरण गरिने उनले बताए ।

मधेश प्रदेश सरकारले प्रदेशबाट समेत उद्धार कार्यका लागि आवश्यक उपकरणहरु सहित सुरक्षाकर्मीहरुलाई पठाएको भए थप सहज हुने थियो ।

मन्त्री भट्टराईका अनुसार मन्त्रिपरिषद् बैठकले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ संशोधन गर्न तयार गरिएको मस्यौदामाथि राय तथा परामर्शका लागि प्रदेश लोक सेवा आयोगमा पठाउने निर्णय गरिएको छ ।

स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवा प्रक्रियालाई व्यवस्थित, पारदर्शी, अनुगमनयोग्य र न्यायोचित बनाउन तयार गरिएको 'स्थानीय तहका कर्मचारीहरूको सरुवा मापदण्ड, २०८३' पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको उनले बताएका छन् ।

नुवाकोट र रसुवा जिल्लामा कार्यरत्त मधेशी कर्मचारी, शिक्षक, व्यवसायी बाढीको प्रलयमा परेका छन् । केही मानिसहरु परिवारजनको सम्पर्कमा आइसकेका र केही अझै सम्पर्कविहीन रहेका छन् ।

आफन्तहरुले सम्पर्कविहीनहरुको खोजी गर्न विभिन्न निकाय र जिल्लाहरुमा भौतारिरहेका छन् । उनीहरुको अवस्थाबारे कुनै निकायबाट आधिकारिक जानकारी आफन्तहरुले पाउन नसक्दा परिवारमा भारी चिन्ता छ ।

आफन्तका फोटोसहित परिवारजनहरुले विभिन्न अस्पताल र सरकारले तोकेको सम्पर्क स्थलहरुमा भौतारिरहेका छन् । उनीहरुले अन्नपानी समेत त्यागेका छन् । सन्तोषजनक जवाफ नपाउँदा परिजनहरुको पीडा बढ्दो छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको तथ्यांक अनुसार मधेश प्रदेशका एक सय ९५ जना सम्पर्कविहीन रहेकोमा मंगलबारसम्म ३२ जना सम्पर्कमा आइसकेका छन् । एक जनाको मृत्यु पुष्टि भएको तथ्यांकमा उल्लेख छ ।

प्रहरीको तथ्यांक अनुसार मधेश प्रदेशको अझै एक सय ६२ जना सम्पर्क विहिन रहेका छन् । त्यस मध्ये तीन जना प्रहरी, दुई जना नेपाली सेना रहेका छन् । एक सय ५७ जना प्राविधिक, शिक्षक, व्यवसायी लगायत रहेको बताइएको छ ।

प्रहरी तथ्यांक अनुसार सर्वाधिक सप्तरी जिल्लाको ४५ र पर्सा जिल्लाको ३८ जना अझै सम्पर्कविहीन रहेका छन् । सप्तरी जिल्लाको एकजनाको मृत्यु पुष्टि भएको छ । हालसम्म पर्सा जिल्लाको दुई जना र सप्तरी जिल्लाको तीन जना सम्पर्कमा आएको प्रहरीको तथ्यांकमा उल्लेख छ ।

मधेश प्रदेशका सम्पर्कविहीन रहेकाहरुको आफ्न्तले खोजी र उद्धार कार्यलाई अझै तीव्र बनाउन सरकारसित माग गरेका छन् । धेरैका आफन्तहरुले मोबाइल हराएर अथवा डिस्चार्ज भएर सम्पर्क हुन नसके पनि उनीहरु जिवित रहेको विश्वासका साथ खोजी गरिरहेका छन् ।

मधेश प्रदेशको विभिन्न संघ, संस्था, सरकारी कर्मचारी, उद्योगी, व्यवसायीलगायत व्यक्तिगतरुपमा राहत सामग्री र प्रधानमन्त्री कोषमा रकम दाखिला गरिरहेका छन् । विभिन्न क्षेत्रबाट राहत र नगद जम्मा गर्ने क्रम बढ्दो छ ।

### भोटेकोशी विपत्तिको आज आठौं दिन

## मृत्यु र बेपत्ताको संख्या उच्च, उद्धार तथा खोजी तीव्र

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-चीन सीमा नजिकै भदौ १० गते आएको हिमपहिरोपछि भोटेकोशी-त्रिशूली नदीमा आएको भीषण बाढीको आठौं दिनसम्म पनि जनधनको क्षतिको पूर्ण विवरण आउन सकेको छैन । रसुवासहित चितवन, धादिङ, तनहुँ, गोरखा, नुवाकोट तथा नवलपरासी पूर्व-पश्चिमका विभिन्न क्षेत्रमा बाढीपहिरोमा परी मृत्यु भएका तथा बेपत्ता भएका व्यक्तिको खोजी जारी छ ।



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाए अनुसार मंगलबार दिउँसोसम्म बाढी तथा पहिरोबाट १,००३ जनाको शव फेला परेको छ भने ११ हजार ८८४ जनाको उद्धार गरिएको र ३ हजार ९१६ जना सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ । उद्धार तथा खोजी कार्यमा नेपाली सेनासहित २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन भएका छन् । विभिन्न स्वास्थ्य संस्थामा २७९ जना घाइतेको उपचार गरिएको छ ।

यद्यपि, विपद्को व्यापकता र विभिन्न जिल्लाबाट विवरण संकलन भइरहेकाले मृत्यु, घाइते र बेपत्ताको संख्या अझै परिवर्तन हुन सक्ने अधिकारीहरूले बताएका छन् ।

सरकारले सार्वजनिक गरेको पहिलो स्थिति प्रतिवेदनले भोटेकोशी-त्रिशूली नदी करिडोरमा ठूलो मानवीय तथा भौतिक क्षति भएको जनाएको छ । बाढीबाट करिब १६ लाख मानिस प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ । रसुवा र नुवाकोटलाई अति प्रभावित तथा धादिङ, गोरखा र चितवनलाई मध्यम प्रभावित जिल्लाका रूपमा वर्गीकरण गरिएको छ ।

प्रतिवेदन अनुसार विभिन्न जिल्लामा ठूलो संख्यामा मानिसको मृत्यु भएको छ । चितवनमा सबैभन्दा बढी ३२१ जनाको मृत्यु पुष्टि भएको छ । नवलपरासी पूर्वमा २१६, नवलपरासी पश्चिममा १७०, नुवाकोटमा ९५, गोरखामा ६५, धादिङमा ५५, तनहुँमा ३८ र रसुवामा २७ जनाको शव फेला परेको विवरण छ ।

देशका ६२ जिल्लाबाट ३ हजार ९१६ जना बेपत्ता भएको विवरण प्राप्त भएको छ । बेपत्ता हुनेमा स्वदेशी पर्यटक तथा नेपालीसहितको समूह, सरकारी कर्मचारी र विदेशी नागरिकसमेत छन् ।

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोलीले खोज तथा उद्धारलाई तीव्रता दिएका छन् । सेनाका ८ हजार ८९६, नेपाल प्रहरीका ७ हजार ९१२ र सशस्त्र प्रहरीका ४ हजार २०३ गरी २१ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ ।

हवाई उद्धारलाई प्राथमिकता दिइएको छ । हालसम्म ५७३ वटा हवाई उडान सञ्चालन गरी ३ हजार ७०२ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ । भारत, चीन र दक्षिण कोरियाका खोज तथा उद्धार टोलीसमेत प्रभावित क्षेत्रमा परिचालन भएका छन् । अधिकांश उद्धार उडान रसुवा, टिमुरे, त्रिशूली र धुन्चे क्षेत्रमा केन्द्रित छन् ।

रसुवाको गोसाइँकुण्ड र आमाछोदिङ्मो गाउँपालिकाका ३ हजार ७०२ घरधुरीका १४ हजार ४६१ नागरिक सडक, विद्युत र सञ्चार सेवाबाट विच्छेद भएर अलपत्र अवस्थामा छन् । जिल्लाका प्रमुख सडकहरू बन्द छन् । उत्तरगया-५ खाल्टेस्थित त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ ।

बाढीले ४१ वटा पक्की पुल पूर्ण रूपमा बगाएको छ भने चारवटा पुलमा क्षति पुगेको छ । नुवाकोटमा मात्रै १ हजार २६७ घर पूर्ण रूपमा र १ हजार २५३ घर आंशिक रूपमा क्षतिग्रस्त भएको प्रारम्भिक विवरण छ । स्याटेलाइट म्यापिङका आधारमा भोटेकोशी-त्रिशूली करिडोरका ४ हजार ६८९ भवन जोखिममा परेको प्राधिकरणले जनाएको छ ।

नुवाकोटको टोखा-छहरे सडकखण्ड अन्तर्गत घट्टेखोलामा बाढी तथा पहिरोको जोखिमका कारण राति १० बजेदेखि बिहान ५ बजेसम्म यातायात रोकिएको छ । बेलकोटगढी-१० स्थित पासाङ ल्हामु सडकखण्ड पनि अवरुद्ध छ ।


विपद्का कारण नेपाल टेलिकमका ११० र एनसेलका ७८ मोबाइल टावरमा क्षति पुगेको छ । यसले प्रभावित क्षेत्रमा उद्धार, राहत र बेपत्ताको खोजीमा समेत कठिनाइ थपेको छ ।

बाढीले रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् आयोजनामा समेत ठूलो क्षति पुऱ्याएको छ । रसुवागढी, भोटेकोशी, चिलिमे, माथिल्लो त्रिशूलीलगायतका आयोजनाका संरचना, सबस्टेसन तथा प्रसारण लाइन प्रभावित भएका छन् । जलविद्युत् र सौर्य आयोजनासहित कुल ७८३.३८५ मेगावाट जडित क्षमताका आयोजना प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ ।

रसुवा, नुवाकोट र धादिङका १९ विद्यालयका ६ हजार ९०१ विद्यार्थी प्रभावित भएका छन् । आठ विद्यालय पूर्ण र आठ विद्यालय आंशिक रूपमा क्षतिग्रस्त भएका छन् ।

स्वास्थ्य संस्थासमेत बाढीको चपेटामा परेका छन् । रसुवाका स्याफ्रुबेंसी स्वास्थ्य चौकी, टिमुरे स्वास्थ्य चौकी, टिमुरे हेल्थ डेस्क र मैलुङ सामुदायिक स्वास्थ्य एकाइ पूर्ण रूपमा ध्वस्त भएका छन् । नुवाकोटका फोहोरपानी प्रशोधन केन्द्र तथा खानेपानी आयोजनामा पनि क्षति पुगेको छ ।

अस्पतालको शवगृह भरिएपछि काठमाण्डुको गोकर्णेश्वर क्षेत्रमा बाढीमा फेला परेका पहिचान हुन नसकेका शवको सामूहिक व्यवस्थापन गरिएको छ । नेपाली अधिकारीहरूले शवबाट डीएनए नमुना संकलन गरेपछि अन्त्येष्टिको प्रक्रिया अघि बढाएका छन् । पहिचान तथा आफन्तसँगको सम्बन्ध पुष्टि भएपछि शव परिवारलाई हस्तान्तरण गरिने जनाइएको छ ।

# सबैको अपनत्व हुनेगरी शिक्षा ऐन चाँडै ल्याउँछौँ : शिक्षामन्त्री पोखरेल



काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सबै सरोकारवालाको अपनत्व हुनेगरी शिक्षा ऐन चाँडै ल्याउने बताउनुभएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयमा निजी विद्यालय सञ्चालकका विभिन्न छाता सङ्गठनका प्रतिनिधिसँग आज आयोजित अन्तर्क्रियामा उहाँले ऐन निर्माणका क्रममा प्राप्त सुझावलाई समेटेर परिपक्व ढङ्गले ऐनलाई अन्तिम रूप दिइने बताउनुभयो ।

"शिक्षा ऐन निर्माणका क्रममा जति पनि सरोकारवालासँग छलफल भएको छ, उहाँहरूबाट आएका राय-सुझावलाई समेटेर ऐन चाँडो टुङ्ग्याउनेछौँ", उहाँले भन्नुभयो, "कुनै पनि ऐन तथा नीति बनाउँदा सबै स्टेकहोल्डरको अपनत्व हुनुपर्छ । सोही बुझाइका साथ सकेसम्म सबै सरोकारवालासँग छलफल गरेका छौँ ।"

मन्त्री पोखरेलले सरकार र निजी क्षेत्रबीचको साझेदारी बलियो बनाएर गुणस्तरीय तथा व्यवहारिक शिक्षा सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । सरकारले शिक्षा क्षेत्रका सबै सरोकारवालालाई साझेदारका रूपमा लिएको उहाँको भनाइ थियो ।

शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र झाले शिक्षा ऐन तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माण गर्दा सरोकारवालाका सुझाव समेटेर ऐनलाई समृद्ध बनाइने बताउनुभयो । राष्ट्रिय पाठ्यक्रमलाई समयसापेक्ष र व्यवहारिक बनाउनेतर्फ पनि ध्यान दिइने उहाँले उल्लेख गर्नुभयो ।

शिक्षा मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले सरोकारवालासँगको छलफल र समन्वयबाट विद्यालय शिक्षामा नीतिगत सुधार गरिने बताउनुभयो । हिसानका महासचिव रामहरि शिलवालले नयाँ शिक्षा ऐनले शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नेगरी गुणस्तरीय र दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले पाठ्यक्रम समयसापेक्ष, वैज्ञानिक र व्यवहारिक हुनुपर्ने धारणा राख्नुभयो ।

काठमाडौँ वर्ल्ड स्कुलका व्यवस्थापन समिति अध्यक्ष इन्जिनियर डा. मिथिलेशकुमार झाले राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई वर्तमान आवश्यकतामा आधारित बनाउँदै शिक्षालाई सीपसँग जोड्नुपर्ने बताउनुभयो । एपिनका उपाध्यक्ष शारदा पाण्डेले प्रारम्भिक बाल विकास (ईसीडी) शिक्षालाई सरकारले विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

केएमसी कलेजका अध्यक्ष रामेश्वर अर्याल र ग्लोबल कलेजका निर्देशक राजेन्द्रप्रसाद त्रिपाठीले निजी क्षेत्रका समस्या तथा सरोकारका विषयमा मन्त्रालयले निरन्तर छलफल गरिरहेको भन्दै शिक्षा क्षेत्र सुधारका लागि सहकार्य जारी राख्ने प्रतिबद्धता जनाउनुभयो ।रासस

# विपद्‌मा मन फुकाउँदै मधेश



महोत्तरी ।

*'पहाडलाई घाउ लागे मधेसलाई दुख्नुपर्छ, मधेसलाई ठेस लागे हिमालले झुक्नुपर्छ ।'*

नेपाली राष्ट्रिय भावना मुखरित गर्ने यी पङ्क्ति यतिबेला मधेसको महोत्तरीमा चरितार्थ हुँदैछ । भोटेकोशी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोर्खा, तनहुँ चितवनसम्मका बासिन्दाको पीडामा मलहम लगाउन मधेसको महोत्तरीमा सहयोग सङ्कलन तीव्र रुपमा अगाडि बढेको छ ।

बाढीको कहरबाट कैयौँ घरपरिवार उजाडिएको खबरबाट चिन्ताले छटपटिएकी महोत्तरीको बर्दिबास-१ की ७५ वर्षीया वृद्धा देवकुमारी पौडेलले मन थाम्न सक्नुभएन । बाढीपीडितको राहत उद्धार पुनःस्थापनामा आफ्नो थोरै योगदान होस् भनेर उहाँले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रु २० हजार जम्मा गर्नुभयो ।

सामान्य आर्थिक अवस्थाकी पौडेलले घर नजिकै महिला उत्थान बहुद्देश्यीय सहकारी संस्थामा बुद्ध यौलीको सहारा भनेर जम्मा गर्नुभएको ज्येष्ठ नागरिक बचत खाताबाट निकालेर आइतबार नै उक्त रकम कोषमा जम्मा गर्नुभएको हो ।

"बुधबारयता दिनदिनै बाढीको पीडाका खबर सुन्दैछु, बाढीपीडितलाई उद्धार गर्न ठाउँठाउँबाट सहयोग पुग्न थालेको सुनेँ, यसमा म पनि जोडिनुपर्छ भन्ने लाग्यो", उहाँले भन्नुभयो, "आफू त रकम पठाउन जान्दैनथे, छोरालाई पठाउन लगाएँ ।" आफूजस्तै सबैले पठाएका रकम दुःखमा परेका परिवारमा बिना भेदभाव पुगोस् भन्ने उहाँको सदीक्षा छ । ७५ वर्षीया वृद्धाको यो कार्यसँगै छिमेकीले पनि आफूले सकेको रकम धमाधम पठाउन थाले ।

"यति रकमले के हुन्छ र भन्ने होइन, थोपाथोपा मिलेर समुद्र बनेजस्तै त हो नी ! सबैले यो आपतमा आफूले सकेको गर्नुपर्छ", पौडेल सबैलाई प्रेरित गर्दै भन्नुहुन्छ, "दुई चार जनाको घाउमा मलहम त पुग्छ नी !" यस अभियानले महोत्तरीको बर्दिबासमा उद्धार कोषमा रकम पठाउने लहर नै चलेको छ ।

आइतबार नै बर्दिबास-१ कै व्यवसायी तथा योग प्रशिक्षक सुमित्रा भट्टराईले कोषमा ५१ हजार दाखिला गर्नुभएको छ । "यो सहयोग प्रचारका लागि हैन, मलहमका लागि हो", भट्टराई भन्नुहुन्छ, "तर कोषमा रकम दिन आमजनतालाई उत्प्रेरित गर्न मैले सहयोग रक सार्वजनिक गरेकी हुँ । यो अभियानले सहयोग गर्नेहरु बढ्ने उहाँको विश्वास छ ।"

नभन्दै आइतबार नै बर्दिबास-१ स्थित देउराली कीर्तन महिला समूहले तीजको दर खान भनेर जम्मा गरेको रु ३० हजार रकम पठाएका छन् । "चाडपर्व त खुसीमा न हो, मुलुक रोएका बेला छ, त्यसैले थोरै भए पनि रकम पठायौँ", समूहकी अध्यक्ष अप्सरा रिसालले भन्नुभयो । यसैगरी आइतबार नै बर्दिबास-१० खयरमाराका सामाजिक अगुवा पोषण थापाले कोषमा रु ५० हजार पठाउनुभयो । हिमाली जिल्ला रसुवा हुँदै नुवाकोट, धादिङ, गोर्खा, तनहुँ र चितवनसम्म ताण्डव मच्चाएको यो बाढीले पहाड ध्वस्त बनाएको खबर सुनेर मधेसमा छटपटी बढेको छ । "बाढीले पाहाडमात्र भत्काएको छैन, मधेसका कैयौँ घरमा पारिवारिक बिछोडको वेदना दिएको छ", उद्धार कोषमा रु ५० हजार जम्मा गर्नुभएका थापा भन्नुहुन्छ, "यो दुःखमा सम्पूर्ण नेपाली एक छौँ भन्ने सन्देश काम र व्यवहारबाट हामी सबैले देखाउनुपर्छ ।" महोत्तरीमा उद्धार कोषमा रकम पठाउन अहिले व्यवसायी, उद्यमी, सर्वसाधारण सक्रिय भएका छन् । यो अभियानमा नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशले आइतबार रु ११ लाख ७९ हजार जम्मा गरेको छ ।

"हामीले यो दुःखमा मधेस साथ छ भन्ने सन्देश प्रवाह गर्न चाहेका हौँ, मधेसका विभिन्न होटलबाट प्राप्त रकम कोषमा पठाएका छौँ", महासङ्घका मधेस प्रदेश अध्यक्ष हिरालाल गौतम भन्नुहुन्छ, "यो दुःखका बेला हामी सबै राहत उद्धार कार्यमा सरकारका साथ छौँ ।"

यसैगरी, बर्दिबास उद्योग वाणिज्य संघले उद्यमी/व्यापारीबाट सङ्कलित रु आठ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाएको छ । यस्तै जिल्लाका स्थानीय तहहरुले पनि संस्थागत निर्णय गरेर धमाधम कोषमा रकम पठाएका छन् ।

भङ्गाहा नगर कार्यपालिकाको कार्यालयले कोषमा रु १५ लाख दाखिला गरी सकेको छ । यसैगरी गौशाला, बर्दिबास र औरही नगरपालिकाले संस्थागत निर्णय नै गरेर क्रमशः १० लाख, १२ लाख ५० हजार र पाँच लाख रुपैयाँ कोषमा पठाएका छन् । कोषमा रकम पठाएर सार्वजनिक नगर्नेको संख्या पनि उल्लेख्य छ ।

आपतविपतका बेला हिमाल, पहाड र तराई जहाँका भए पनि नेपाली मन अत्यन्त कोमल र सहयोगी भावको रहेको जलेश्वर-७ बखरीका बासिन्दासमेत रहनुभएका पूर्वप्रशासक महेश्वर रायको धारणा छ । अहिले यहाँ बाढीपीडितका लागि जारी राखिएको सहयोग अभियान कोमल नेपाली मनको उदाहरण भएको रायको भनाइ छ ।

आमरुपमा सहयोग गर्ने चासो ठाउँठाउँमा देखिएपछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षताको जिल्ला विपद् व्यस्थापन समितिले राहत सङ्कलनलाई व्यवस्थित र पारदर्शी बनाएको छ । "हामीले कहाँ कसले जिन्सी नगद के सहयोग गर्न चाहन्छन् ? ठाउँठाउँमै सङ्कलन अभियान सञ्चालन गर्ने निर्णय गरेका छौँ", प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव भन्नुहुन्छ, "प्राप्त सहयोगको व्यक्तिगत अभिलेख बनाएर नगद कोषमा जम्मा गर्ने र जिन्सी सरकारले सञ्चालन गरेको राहत वितरण केन्द्रमा पुर्‍याइनेछ ।" यो सहयोगको विवरण साप्ताहिक रुपमा सार्वजनिक गरिने उहाँको भनाइ छ ।

यसअघि शुक्रबार नै महोत्तरी-१ का प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोको समन्वयमा बर्दिबास, गौशाला र भङ्गाहामा सर्वसाधारणबाट सङ्कलित खाद्यसामग्री (चामल, चिउरा, भुजासहित) नुवाकोट पठाइएको छ । रासस

# रोजगारीले रसुवा पुर्‍यायो, भोटेकोशीले घर फर्कन दिएन



हेटौँडा । 'भरे कुरा गरौँला ।' गत बुधबार बिहान करिब ६:०० बजे रसुवाबाट श्रीमती रविनासँग फोनमा कुरा गर्दा सविन रानामगरले यति भनेर फोन राख्नुभएको थियो । काम सुरु हुन लागेको थियो । यता रविना पाँच वर्षीया छोरीलाई विद्यालय पठाउने तयारीमा हुनुहुन्थ्यो ।

त्यसको केही समयपछि रसुवाको भोटेकोशीमा भीषण बाढी आयो । बाढीको खबर पाएपछि रविनाले श्रीमान्लाई फोन गर्नुभयो । फोन उठेन । पटकपटक प्रयास गर्दा पनि सम्पर्क हुन सकेन । बिहान 'भरे कुरा गरौँला' भनेर छुट्टिएको त्यो संवाद नै उहाँहरूबीचको अन्तिम बन्न पुग्यो ।

मकवानपुरको भीमफेदी गाउँपालिका-२ का सविन विगत चार वर्षदेखि रसुवाको जलविद्युत् आयोजनामा सवारी चालकका रूपमा कार्यरत हुनुहुन्थ्यो । एक महिनाको बिदा लिएर घर आउनुभएका उहाँ केही दिनमै कम्पनीले बोलाएको भन्दै भदौ ७ गते आइतबार काममा फर्किनुभएको थियो ।

सविनकी ठूलीआमा नानीमाया रानाका अनुसार आइतबार घरबाट हिँड्नुभएका उहाँ काठमाडौँ बसेर मङ्गलबार मात्रै रसुवा पुग्नुभएको थियो । बुधबारदेखि काम सुरु भएको थियो । "घर आउँदा एक महिनाका लागि बिदा लिएर आएको भन्थ्यो । पाँच/छ दिन हुनेबित्तिकै कम्पनीले बोलायो भनेर काममा फर्किएको थियो," उहाँले भन्नुभयो, "मङ्गलबार मात्रै रसुवा पुगेको थियो रे । त्यही बाढी आउने दिनबाट काम सुरु भएको थियो रे । एकैछिनमा सबै सकियो ।"

सम्पर्क टुटेपछि परिवार सुरुका दुई दिन कुनै सुखद खबर आउने आशामा बस्यो । त्यसपछि सविनको खोजीमा आफन्त अस्पताल र शव राखिएका स्थानसम्म पुग्न थाले । अन्ततः सोमबार नवलपरासीमा फेला परेको एउटा शवसँग परिवारको खोजी टुङ्गियो । शवको अवस्था बिग्रिएकाले अनुहारबाट पहिचान गर्न कठिन थियो । परिवारका लागि सविनलाई चिनाउने आधार बन्यो उहाँको बायाँ हातमा रहेको ट्याटु ।

भीमफेदी गाउँपालिका-२ का वडाध्यक्ष काशीराम बज्युले हातमा रहेको ट्याटुका आधारमा परिवारले सविनको शव पहिचान गरेको जानकारी दिनुभयो । सविनका बुबा १४-१५ वर्षदेखि वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा हुनुहुन्छ । परिवारमा आमा, भाइ, श्रीमती रविना र पाँच वर्षीया छोरी छन् ।

सविनको परिवार फोन आउने आशामा बसिरहँदा हेटौँडा उपमहानगरपालिका-५ ढुङ्गेधारामा अर्को परिवार पनि उस्तै बेचैनीमा थियो । दुई वर्षदेखि चिलिमे जलविद्युत् आयोजनामा टिपर चालकका रूपमा कार्यरत उद्धव खड्काले पत्नी निरू र छोरी निमिसालाई पनि आफूसँगै रसुवा लैजानुभएको थियो । छोरीलाई विद्यालय जान सहज होस् भनेर विद्यालय नजिकै कोठा भाडामा लिएर परिवारलाई राख्नुभएको थियो ।

भदौ १० गते बिहान भोटेकोशीको बाढीका दृश्य सामाजिक सञ्जालमा फैलिन थालेपछि हेटौँडामा रहेका उद्धवका आफन्तले फोन गर्न थाले । उद्धवको फोन लागेन । पत्नी निरूको नम्बरमा पनि सम्पर्क हुन सकेन । केही समयका लागि तीनै जना बेखबर भए । भदौ ११ गते हेटौँडा उपमहानगरपालिकाको टोली उहाँहरूसहित सम्पर्कविहीन नागरिकको खोजीका लागि रसुवातर्फ निस्कियो ।

सडक अवरुद्ध भएकाले टोली काठमाण्डुमै रोकियो । काठमाण्डुका विभिन्न अस्पतालमा खोजी गर्दा उहाँहरूबारे जानकारी नभेटिएपछि भदौ १२ गते टोली नुवाकोट पुग्यो । त्यहाँ नेपाल प्रहरीले हेलिकप्टरमार्फत उद्धार गरेकाहरूको सूचीमा दुई नाम भेटिए । निरू खड्का र निमिसा खड्का । आमा-छोरी जीवित हुनुहुन्थ्यो । उहाँहरूको उद्धारपछि हेटौँडा ल्याउने व्यवस्था मिलाइयो । निरू र निमिसा जीवित भेटिएपछि उद्धव पनि कतै उद्धार भएर सुरक्षित स्थानमा हुनुहोला भन्ने परिवारको आशा थपिएको थियो तर उद्धवको नाम कुनै उद्धार सूचीमा भेटिएन । परिवारका सदस्य अस्पतालदेखि सम्भावित स्थानसम्म खोज्दै हिँडे । अन्ततः भदौ १२ गते नवलपरासीमा उहाँको शव फेला पर्‍यो ।

हेटौँडा-५ का वडाध्यक्ष सुशील घिमिरेका अनुसार कामको व्यस्तताका कारण उद्धव सातामा एक दिनजति मात्रै परिवारसँग बस्न कोठामा आउने गर्नुहुन्थ्यो । बाढी आउँदा उहाँ काममा हुनुहुन्थ्यो । कोठामा रहेका निरू र निमिसाले भने बाढी आएको थाहा पाएपछि अरूसँगै भागेर ज्यान जोगाउनुभएको थियो । "उद्धव शनिबार कोठामा आएर आइतबार काममा गएका रहेछन् । छोरीलाई स्कुल पठाउन सहज होस् भनेर स्कुल नजिकै कोठा भाडामा लिएर परिवारलाई राखेका रहेछन्," वडाध्यक्ष घिमिरेले भन्नुभयो, "त्यो दिन बिहान एक्कासि बाढी आयो । श्रीमती र छोरी भने कोठामै भएकाले भागेर ज्यान जोगाउन सफल भएछन् ।" निरू र निमिसा जीवितै हेटौँडा फर्किनुभयो । उद्धव भने फर्किनुभएन ।

सविन चार वर्षदेखि र उद्धव दुई वर्षदेखि रसुवामा काम गरिरहनुभएको थियो । हेटौँडा उपमहानगरपालिका-१५ भोर्लेका २६ वर्षीय सुमन गोलेलाई भने राम्रो आम्दानीको आशाले दुई महिनाअघि मात्रै रसुवा पुर्‍याएको थियो । त्यसअघि हेटौँडा-१५ मा रहेको रिद्धिसिद्धि सिमेन्ट उद्योगमा अपरेटरका रूपमा कार्यरत सुमन रसुवामा हाइड्रोपावरको स्काभेटर चालकका रूपमा काम गर्नुहुन्थ्यो ।

बाढी आएको बिहान उहाँ रातिको काम सकेर फर्किनुभएको थियो । बिहान करिब ६:०० बजे श्रीमती रेविकासँग फोनमा कुरा गर्नुभयो । रातभर काम गरेकाले निद्रा लागेको र अहिले सुत्ने तथा दिउँसो फेरि फोन गर्ने बताउनुभएको थियो । सुमनकी छिमेकी निर्मला घलानका अनुसार त्यो फोनपछि श्रीमतीसँग उहाँको फेरि कुरा हुन पाएन । "राम्रो तलब हुन्छ भनेर दुई महिनाअघि मात्रै उता काममा गएको थियो," उहाँले भन्नुभयो, "नाइट ड्युटी सकेर बिहान श्रीमतीसँग कुरा गरेको रहेछ । रातभरिको निद्रा छ, अहिले सुत्छु, दिउँसो फोन गरौँला भनेको थियो रे । बिहानै बाढीले बगाएछ ।"

बाढीको खबर पाएपछि परिवारले सुमनलाई पटकपटक फोन गरेको थियो । सम्पर्क हुन सकेन । निर्मलाका अनुसार सुमनका साथीहरूबाट परिवारले पाएको जानकारीमा बाढी आउँदा उहाँ सुतिरहनुभएको थियो ।रासस

# महाकालीमा पानीको बहाव बढ्यो: बनवासा पुलमा आवागमन प्रभावित



महेन्द्रनगर । महाकाली नदीमा पानीको बहाव बढेपछि आज बिहानैबाट कञ्चनपुरको गड्डाचौकी नाकाको आवागमन प्रभावित बनेको छ ।

महाकाली नदीमा जलस्तर बढेसँगै पश्चिमी नाका गड्डाचौकी भएर नेपाल-भारत आवतजावत गर्ने चारपाङ्गे सवारी साधनलाई शारदा ब्यारेज (बनवासा पुल) आवागमन रोकिएको इलाका प्रहरी कार्यालय गड्डाचौकीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय गड्डाचौकीका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक जीवन गुरुङले गरिएको मापनअनुसार महाकाली नदीमा पानीको बहाव एक लाख १२ हजार क्युसेक पुगेको जानकारी दिनुभयो ।"महाकालीमा पानीको बहाव एक लाख क्युसेक नाघेपछि सुरक्षाको कारण चारपाङ्ग्रे सवारीसाधन आवागमन बनबासा पुलमा गर्न भारतीय पक्षले दिँदैन", उहाँले भन्नुभयो, "पहाडी जिल्लासँगै कञ्चनपुरमा पनि बर्सात भइरहेकाले बहाव बढ्न सक्छ ।"

एक सय वर्ष पुरानो बनबासा पुल जीर्ण भएकाले जोखिम हुने भन्दै बर्षातका बेला पानीको बहाव बढ्दा ठुला सवारी साधनलाई रोक लगाइने गरिन्छ ।"पानीको बहावले ठूला सवारीसाधन रोकिएपछि मोटरसाइकल र पैदल यात्रामा रोकावट हुँदैन", गुरुङले भन्नुभयो, "जलस्तर घटेपछि आवागमन सहज भइहाल्छ ।" रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ । |
| वृष : | नयाँ व्यक्तिसंगको भेटले मन शान्त बन्नेछ। |
| मिथुन : | तपाईको बोलीका कारण साथीभाई टाढा हुनेछन् । |
| कर्कट : | जिम्मेवारी थपिने छ । दाजुभाईसंगको सहकार्यले फाइदा हुनेछ । |
| सिंह : | राजनीतिक नेतृत्वको साथमा महत्वपूर्ण काम बन्नेछ । |
| कन्या : | विदेशमा गरेको लगानीबाट नाफा हुनेछ। व्यापारमा हिम्मत गर्नुपर्ने देखिन्छ। |
| तुला : | बौद्धिक व्यक्तिसंग सल्लाह लिएर काम गर्नुपर्ने दिन छ । |
| वृश्चिक : | वैदेशिक रोजगारीमा नाफा हुनेछ । |
| धनु : | कृषि र फलफुलको व्यापार गरेमा फाइदा हुने योग छ । |
| मकर : | प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । बौद्धिक व्यक्तिसंग भेट हुन्छ । |
| कुम्भ: | अभिभावकले दिएको आर्शिवादले मात्र तपाईको दिन सहज बन्नेछ । |
| मीन: | परिवारको साथ र सहयोग मिल्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बाढी पिडीतलाई राहत सहयोग

## महागढीमाईद्वारा ४१ लख ५१ हजारको सहयोग

**टुडे समाचारदाता**

वीरगञ्ज।बाराकोमहागढीमाई नगरपालिकाले रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि ४१ लाख ५१ हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।




प्राकृतिक विपत्तिबाट भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नगर कार्यपालिकाको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेको जनाइएको छ।

महागढीमाई नगरपालिकाका मेयर उपेन्द्रप्रसाद यादवका अनुसार नगरपालिकाका ६० जना जनप्रतिनिधिले आफ्नो एक महिनाको सेवासुविधाबापत प्राप्त हुने रकम बाढीपीडितको राहतका लागि योगदान गर्नेछन्।

त्यसैगरी, नगरपालिकामा कार्यरत निजामती कर्मचारीले नेपाल सरकारको निर्णयअनुसार आफ्नो तलबबाट सहयोग गर्नेछन्। यसमा नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट थप ५ लाख रुपैयाँ उपलब्ध गराइनेछ। जनप्रतिनिधि तथा कर्मचारीको योगदान र विपद् व्यवस्थापन कोषको रकम गरी कुल ४१ लाख ५१ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने नगरपालिकाले जनाएको छ।

मेयर यादवले प्राकृतिक विपत्तिका कारण देश शोकमा रहेका बेला प्रभावित नागरिकको उद्धार तथा राहतका लागि सहयोग गर्नु सबैको मानवीय दायित्व भएको बताए।

उनले विपद्को समयमा एकताबद्ध भएर सहयोग गर्ने जनप्रतिनिधि तथा कर्मचारीप्रति आभार व्यक्त गर्दै प्रभावित नागरिकको तत्काल उद्धार, राहत र पुनःस्थापनालाई प्राथमिकतामा राख्नुपर्ने बताए।

यादवले तत्कालीन राहतसँगै भविष्यमा यस्ता विपद्बाट हुने क्षति न्यूनीकरणका लागि दीर्घकालीन रूपमा सुरक्षित बस्ती तथा बसोबासको व्यवस्था गर्नुपर्नेमा समेत जोड दिए।

रसुवाका बाढीपीडितका लागि बाराका अन्य स्थानीय तहहरूले पनि सहयोग घोषणा गरिरहेका छन्। यसअघि जीतपुरसिमरा उपमहानगरपालिकाले ११ लाख, निजगढ नगरपालिकाले ५ लाख र सुवर्ण गाउँपालिकाले ४ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरिसकेका छन्।

रसुवाको भोटेकोशीमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भएपछि देशभरका स्थानीय तह, राजनीतिक दल, संघसंस्था, उद्योगी-व्यवसायी तथा सर्वसाधारणले राहत तथा पुनःस्थापनाका लागि सहयोग घोषणा गर्ने क्रम बढेको छ।

## ओम शान्ति सपिङ्गद्वारा कपडा सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम, १६ भदौ। रसुवाको भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि धनुषाको जनकनन्दिनी गाउँपालिका-३ प्रखे महुवास्थित ओम शान्ति सपिङ सेन्टरले १ लाख ५० हजार रुपैयाँ बराबरको रेडिमेड कपडा सहयोग गरेको छ।



भोटेकोशीमा आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएपछि सामाजिक उत्तरदायित्वअन्तर्गत बाढीपीडितलाई राहत पुगोस् भन्ने उद्देश्यले कपडा सहयोग गरिएको सपिङ सेन्टरका सञ्चालक गणेश गुप्ताले बताए।

सपिङ सेन्टरले बालबालिकादेखि वयस्कसम्मका लागि प्रयोग गर्न मिल्ने विभिन्न प्रकारका नयाँ रेडिमेड कपडा संकलन गरेको हो। कुल १९७ थान कपडा मंगलबार धनुषा क्षेत्र नम्बर २ का पूर्वमन्त्री उमाशंकर मार्फत संघीय सरकारलाई बुझाइएको हो।


सञ्चालक गुप्ताले विपद्मा परेका परिवारलाई आफ्नो तर्फबाट सानो भए पनि सहयोग गर्न पाउँदा खुसी लागेको बताए। उनले संकलित राहत सामग्री वास्तविक बाढीपीडितसम्म प्रभावकारी रूपमा पुऱ्याउन आग्रह गरे। राहत सामग्री बुझ्दै पूर्वमन्त्री अरगरियाले विपद्को समयमा निजी क्षेत्र तथा स्थानीयस्तरबाट गरिएको सहयोगले प्रभावित परिवारलाई राहत पुग्ने बताए।

उनले बाढीपीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि सबैलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गरे। सहयोग हस्तान्तरण कार्यक्रममा निवर्तमान उपाध्यक्ष मनिष रमन साह, कोषाध्यक्ष परमेश्वर साह, लेखा अध्यक्ष ओमप्रकाश कर्णलगायतको उपस्थिति थियो।

## कांग्रेस नेता निधिद्वारा एक लाख बढीको सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका नेता एवं पूर्वउपसभापति विमलेन्द्र निधिले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि व्यक्तिगत तर्फबाट १ लाख १ हजार १०१ रुपैयाँ आर्थिक सहयोग गरेका छन्।




गत भदौ १० गते भोटेकोशी नदी सहित नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावितको उद्धार, राहत वितरण तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले निधिले उक्त रकम सहयोग गरेका हुन्।

बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै विपद्पछिको पुनःस्थापना कार्यमा समेत सहयोग पुग्ने अपेक्षासहित उनले व्यक्तिगत रूपमा उक्त रकम प्रदान गरेको जनाइएको छ।

विनाशकारी बाढीबाट प्रभावित नागरिकलाई सहयोग गर्न विभिन्न व्यक्ति, संघसंस्था तथा राजनीतिक व्यक्तित्वहरूले आर्थिक तथा जिन्सी सहयोग उपलब्ध गराउँदै आएका छन्।

## नेत्रज्योति संघद्वारा पनि १० लाखको सहयोग



**टुडे समाचारदाता**

रौतहट। रसुवा सहित विभिन्न जिल्लाका बाढी पिडितका लागि नेपाल नेत्रज्योति संघद्वारा संचालित गौर आँखा अस्पतालले पनि प्रधानमन्त्री राहत कोषमा १० लाख भन्दा बढि रकम जम्मा गरेका छन्।

गौर आँखा अस्पताल पुरेनवा, जिल्ला नेत्रज्योति संघ शाखा कार्यालय गौर पुरेनवा र आँखा अस्पतालको कर्मचारीहरु दुई दिनको तलव गरेर १० लाख १११ रुपैया प्रधानमन्त्री राहत कोषमा जम्मा गराएर मनकरी हात बढाएका हुन्।

संघको शाखा सचिव बच्चा यादवका अनुसार रसुवा र नुवाकोटमा भोटेकोशी तथा त्रिशुली नदीमा तिब्बतबाट आएका विनाशकारी बाढीको प्रकोपमा परेर ठूलो जनधनको क्षति हुँदा न्यून भएपनि बाढी पीडितको लागि आलो घाँउ माथि मलहम लगाउने काम आयोस भनेर उक्त रकम जम्मा गराइएको छ।

यसअघि परोहा नगरपालिकाले ५ लाख, विभिन्न संघसंस्थाहरु तथा आम नागरिकहरु सिधै प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्ने क्रम जारी रहेका छन्।

## राहत लिएर अभिनेता सुद आइपुगे

**टुडे समाचारदाता**

काठमाण्डू। भारतीय बलिउड अभिनेता सोनु सुद बाढी पिडीतको सहयोगका लागि नेपाल आएका छन्। गत भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि राहत सामग्री लिएर उनी मंगलबार काठमाडौं आएका हुन्।



नेपालमा बाढीबाट ठूलो जनधनको क्षति भएपछि सुदले सामाजिक सञ्जालमार्फत दुःख व्यक्त गर्दै प्रभावित नेपाली नागरिकलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। सोही प्रतिबद्धताअनुसार उनी राहत सामग्रीसहित नेपाल आएका हुन्।

बाढी लगत्तै सामाजिक सञ्जालमा प्रतिक्रिया जनाउँदै उनले विपद्को सामना गरिरहेका नेपाली नागरिक एक्लो नभएको बताएका थिए। उनले प्रभावितका लागि खाना, आश्रय तथा पुनर्निर्माणमा आवश्यक सहयोग लिएर नेपाल आउने प्रतिबद्धता व्यक्त गरेका थिए।

सुदले सामाजिक सञ्जालमा लेखेका थिए, 'नेपाल, तिमी एक्लो छैनौं। हामी खाना, आश्रय र पुनर्निर्माणका लागि आवश्यक शक्ति बोकेर आउँदै छौं।'

नेपालमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो क्षति भएको छ। बाढी प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि देशभित्र तथा विदेशबाट विभिन्न व्यक्ति, संघसंस्था र सामाजिक अभियन्ताले सहयोग गरिरहेका छन्।

## ठोरीले ११ लाख राहत सहयोग गर्ने



**टुडे समाचारदाता**

वीरगञ्ज। रसुवाका भोटेकोशी नदी सहित विभिन्न नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहतका लागि पर्साको ठोरी गाउँपालिकाले ११ लाख रुपैयाँ सहयोग गर्ने भएको छ।

गाउँ कार्यपालिकाको बैठकले बाढीपीडितका लागि उक्त रकम सहयोग गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिएका छन्।

उनका अनुसार गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिको एक महिनाको तलब तथा भत्ताबापतको रकम, गाउँपालिकाको विपद् व्यवस्थापन कोष र गाउँपालिकामा कार्यरत कर्मचारीबाट रकम संकलन गरी ११ लाख रुपैयाँ सहयोग गरिनेछ।

गाउँपालिकाले तत्काल राहत उपलब्ध गराउनुका साथै आगामी दिनमा आवश्यक पर्ने सहयोगका लागि थप स्रोत परिचालन गर्ने तयारीसमेत गरेको छ। आवश्यकताका आधारमा संघसंस्था, सामाजिक अभियन्ता, सहयोग गर्न इच्छुक व्यक्ति तथा समुदायबाट समेत सहयोग संकलन गरिने गाउँपालिकाले जनाएको छ।

## महावीर युवा कमिटीको १ लाख २५ सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम। रसुवामा गएको विनाशकारी बाढीपहिरो तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि जनकपुरधामस्थित श्री महावीर युवा कमिटीले १ लाख २५ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ।

कमिटीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गर्ने जनाएको हो। विपद्का कारण ठूलो जनधनको क्षति भइरहेका बेला प्रभावित नागरिकको राहत र उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले कमिटीले आर्थिक सहयोग गर्ने निर्णय गरेको जनाएको छ।

कमिटीका महासचिव भरत कुमार साहले विपद्को समयमा पीडित नागरिकको साथमा उभिनु सबैको सामाजिक दायित्व भएको बताए। महासचिव साहले प्राकृतिक विपद्बाट प्रभावित नागरिकको जीवन सामान्य बनाउन राज्यसँगै सामाजिक संघसंस्था, व्यवसायी तथा आम नागरिकले आ-आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्नेमा जोड दिए।



## मटिहानीद्वारा ५ लाखको राहत सहयोग



**टुडे समाचारदाता**

जनकपुरधाम। रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहत व्यवस्थापनका लागि मटिहानी नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेको हो।

बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै बैठकले प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले राहत कोषमा रकम उपलब्ध गराउने निर्णय गरेको नगरपालिकाका मेयर हरिमण्डलले जानकारी दिएका छन्। बैठकले बाढीपहिरोमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेको छ।

यसका साथै रसुवा भोटेकोशी बाढीपछि सम्पर्कविहीन रहेका मटिहानी नगरपालिका-७ का ४० वर्षीय गंगाराम मण्डलको तत्काल खोजी तथा उद्धार गर्न सम्बन्धित निकायसँग नगर कार्यपालिकाले आग्रह गरेको छ।

## जानकी हेल्थकेयरले गरे ५ लाख ५१ हजारको सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम। रसुवा जिल्लाकोभोटेकोशीसहितविभिन्न नदी क्षेत्रमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि जनकपुरधामस्थित जानकी हेल्थकेयरले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको छ।



जानकी हेल्थकेयर जनकपुरधाम परिवारले बाढी तथा विपद्बाट प्रभावित परिवारलाई राहत पुऱ्याउने उद्देश्यले उक्त रकम कोषमा जम्मा गरेको हो। सहयोग रकम जम्मा गरिएको भौचर जानकी हेल्थकेयर परिवारका तर्फबाट धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललाई हस्तान्तरण गरिएको जनाइएको छ। प्राकृतिक विपद्का कारण देशका विभिन्न क्षेत्रमा जनधनको क्षति भइरहेका बेला पीडितको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले संस्थाले उक्त सहयोग गरेको हो। जानकी हेल्थकेयरले विपद्को यस कठिन परिस्थितिमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको जनाएको छ।

# जलश्रोतको दिगो व्यवस्थापन बारे छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा जलश्रोतको दीगो व्यवस्थापन, जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण तथा कृषि उत्पादकत्व बढाउन आवश्यक नीति, योजना र लगानीका विषयमा प्रदेश नीति तथा योजना आयोग र संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी) बीच छलफल भएको छ।

मंगलबार जनकपुरधामस्थित प्रदेश नीति तथा योजना आयोगको कार्यालयमा आयोगका उपाध्यक्ष राजकुमार सिंहको उपस्थितिमा यूएनडीपीका साझेदारी तथा सञ्चार विश्लेषक तामोई फुजीलगायतको टोलीसँग विभिन्न विषयमा छलफल गरिएको हो।

छलफलका क्रममा मधेश प्रदेशमा उपलब्ध प्रमुख जलस्रोतको अवस्था, जल क्षेत्रको रणनीतिक व्यवस्थापन, जलस्रोतको नक्साङ्कन तथा सिँचाइ र खानेपानीसँग सम्बन्धित समस्याबारे विस्तृत रूपमा कुरा भएको आयोगका उपाध्यक्ष सिंहले जानकारी दिए।

यस्तै, पानीको अभाव, खडेरीको समस्या र त्यसले कृषि उत्पादकत्वमा पारिरहेको प्रभाव तथा पछिल्ला प्रवृत्तिबारे पनि छलफल गरिएको उनले बताए। उपाध्यक्ष सिंहका अनुसार जलस्रोतको पर्याप्त र प्रभावकारी व्यवस्थापन हुन नसक्दा प्रदेशमा सिँचाइ, खानेपानी तथा कृषि उत्पादनका क्षेत्रमा विभिन्न चुनौती कायम छन्।

त्यसैले प्रदेशको वास्तविक अवस्था, समस्या र आवश्यकताको पहिचान गरेर विकास साझेदार संस्थासँगको सहकार्यमा आगामी कार्यक्रम अघि बढाउने तयारी भइरहेको उनले बताए। योजना तथा कार्यक्रम प्रभावकारी बनाउन भरपर्दो तथ्यांक आवश्यक भए पनि मधेश प्रदेशमा आवश्यक तथ्यांकको अभाव रहेको सिंहको भनाइ छ।

आवश्यक तथ्यांक उपलब्ध गराउन सम्बन्धित मन्त्रालयहरूलाई पत्राचार गरिएको जानकारी दिँदै उनले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग आवश्यक छलफल गरेर आगामी कार्ययोजना निर्माण गरिने जानकारी दिए।

विगतमा कतिपय विकास साझेदार संस्थाले प्रदेश सरकारसँग पर्याप्त समन्वय नगरी आफ्नै प्राथमिकताअनुसार




कार्यक्रम सञ्चालन गर्ने गरेको अनुभव सुनाउँदै सिंहले अब भने प्रदेशको आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राखेर संयुक्त रूपमा योजना निर्माण गर्नुपर्नेमा जोड दिए।

उनका अनुसार विकास कार्यक्रम सञ्चालन गर्नुअघि प्रदेश सरकारसँग समन्वय गरी वास्तविक आवश्यकता पहिचान गरिनेछ। त्यसपछि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी त्यसैका आधारमा विकास कार्यक्रम तथा लगानी परिचालन गर्ने तयारी भइरहेको छ।

छलफलमा जलवायु परिवर्तनसँग अनुकूल हुने प्रविधिको प्रयोग, जलस्रोतको समग्र व्यवस्थापन तथा संघीय सरकार, विश्व बैंक, एसियाली विकास बैंक, यूएनडीपीसहित विभिन्न द्विपक्षीय र बहुपक्षीय विकास साझेदार संस्थाबाट सञ्चालन तथा वित्तपोषण भइरहेका प्रमुख परियोजनाबारे समेत छलफल भएको थियो।

मधेश प्रदेशमा जलस्रोतको दीगो र प्रभावकारी उपयोग तथा व्यवस्थापन, जलवायु परिवर्तनका प्रतिकूल असर कम गर्ने र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले आगामी दिनमा आवश्यक नीति, योजना तथा लगानीका प्राथमिकता तय गर्न मंगलबारको छलफल महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पीडितसम्म राहत पुगोस्

प्रलयकारी बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार र राहतको कामलाई अत्यधिक प्राथमिकताको साथ चलाइएको छ । देशको सबै क्षेत्र र विदेशबाट पनि सहयोग प्राप्त भइरहेको छ । राज्यले २१ हजारभन्दा बढी सुरक्षाकर्मीलाई सो कार्यका लागि परिचालन गरिएको छ । देशमा विनाशपछिको अवस्था पनि अत्यधिक कष्टकर छ । विभिन्न स्थान र विद्युत उत्पादन गृहमा फसेकाहरु उद्धारको प्रतीक्षामा छन् । सम्पर्कविहीनका परिवारजन आफन्तको खोजीमा भौंतारिरहेका छन् । सरकारले शवको व्यवस्थापन गराउनेदेखि खोजी, उद्धार, राहत, उपचारलगायतका कार्यहरुमा लागेको छ । सबै तर्फबाट प्रयास निरन्तर भइरहेको छ । खोजी र उद्धारको दायरा अब निश्चित स्थानहरुमा केन्द्रित हुन थालेको छ । विभिन्न देशबाट आएका विज्ञहरुको टोली खोजी र उद्धारमा लागेको छ । अबको खोजी र उद्धार कार्य झन चुनौतिपूर्ण छ । विद्युत उत्पादन गृहहरुको थुनिएको टनेल भित्र रहेका मानिसहरुको उद्धारमा अत्यधिक कठिनाइ भएको देखिन्छ । २० हजारी बढी मानिसको नेपाली सुरक्षाकर्मीहरुले उद्धार गरेका छन् । उद्धारको कार्यमा प्रारम्भदेखि नेपाली सुरक्षाकर्मीहरु जुटेका छन् । दोस्रो चरणमा पीडितहरुलाई राहत सामग्री अत्यावश्यक भएको छ । प्रधानमन्त्री राहत कोषमा नगद जम्मा भइरहेको छ । खाद्य सामग्री, लत्ताकपडा, औषधि लगायत स्वास्थ्य उपकरणहरु, खानेपानी पानी, साबुनलगायतका सामग्रीहरु पीडित सम्म तत्काल पुर्‍याउने तत्काल व्यवस्था मिलाउनु पर्छ । राहत सामग्री उपलब्ध गराइएको र गराउने क्रममा रहेकोलाई समन्वय गरी सरकारी स्तरबाट प्रभावित सबै क्षेत्रमा सक्दो जतिसक्दो चाँडो पुर्‍याउन आवश्यक देखिएको छ । कतिपय स्थानमा राहत सामग्री पुगे पनि केही स्थानमा अझै पुग्न सकेको छैन । अन्न र पानी बिना ज्यान नजाओस् तर्फपनि सबै निकाय सचेत हुनु परेको छ । विषम परिस्थितिमा सबै नेपाली हातेमालो गरेर प्रभावित क्षेत्रका पीडितहरुलाई मलम लगाउने कार्यमा जुटिसकेका छन् । सरकारले समन्वय मात्र गरे पनि प्रभावित क्षेत्रमा राहत सामग्रीको अभाव नहुने देखिन्छ । बिभिन्न मनकारीहरुले राहत संकलन गरी सरकारले निर्धारण गरेको भण्डारण स्थलसम्म पुर्‍याउन थालेका छन् । हुन त तराई र पहाडी जिल्लाहरुलाई काठमाण्डु जोड्ने मार्गहरु समेत बाधित बनेको छ । तैपनि वैकल्पिक मार्गहरुबाट राहत सामग्री पुर्‍याउन स्वयंसेवीहरु लागेका छन् । सरकारी निकायले व्यवस्थित रुपमा राहत सामग्री पीडितसम्म पुर्‍याउन लाग्नु पर्ने भएको छ । प्रभावित क्षेत्रको अवस्था अझै विकट छ । तर ज्यान जोगाउन सबैको प्राथमिकतामा छ । सरकारले सम्भव भएसम्मका साधनहरु प्रयोग गरी प्रभावित क्षेत्रका पीडितहरुसम्म राहत पुर्‍याउनमा जोड दिनुपर्ने भएको छ । खोजी र उद्धार कार्य पनि जारी नै राख्नु पर्छ । त्योसँगै अबको प्राथमिकता क्रममा सुधार गर्दै राहत सामग्री पुर्‍याउन लाग्नु पर्छ । प्रभावितहरुलाई चाहिने आवश्यक सामग्रीहरु उपलब्ध गराएर उनीहरुको जीवन रक्षा गर्नुपर्छ ।

# बाढीमा बग्यो बस्ती, जिम्मेवारी चाहिँ नबगोस्



● महेश्वर दाहाल

यो लेख्न नपरे हुन्थ्यो । यो त्रासदीबारे सोच्न नपरे हुन्थ्यो । भोटेकोशीको उर्लिएको पानीसँगै बगेका घर, सडक, पुल र मान्छेका कहालिलाग्दा तस्वीर सम्झँदा मन भारी हुन्छ । आँखाअघि झलझली आइरहने ती विभत्स दृश्यसँगै हाम्रो विवेकको पनि परीक्षा भइरहेको छ । नदी उर्लियो । बस्ती बगायो । सडक र पुल भत्किए । सार्वजनिक संरचना ध्वस्त भए । मानिस बेपत्ता भए । नदी किनारमा शवहरू भेटिए । कतै नदीको किनारमा दिनभरि वेपत्ताहरू खोज्दै हिँडिरहेका मानिस छन् । आँसुको कुनै भाषा हुँदैन । पीडाको कुनै दल हुँदैन । त्यसैले यो महाविपत्तिमा संकीर्ण राजनीति होइन, जीवन बचाउनु पहिलो धर्म हो ।

प्राकृतिक विपत्ति आफैंमा कसैको दोष नहुन सक्छ । तर विपत्तिपछि नागरिकले पाउने उद्धार, उपचार, खाना, पानी, आश्रय र सुरक्षा राज्यको जिम्मेवारी हो । सरकारले आफूसँग भएका सबै स्रोत तत्काल परिचालन गर्नुपर्छ । आवश्यक परे विदेशी विशेषज्ञ, खोज तथा उद्धार उपकरण र प्राविधिक टोलीसमेत ल्याउनुपर्छ । नागरिकको जीवनभन्दा ठूलो प्रशासनिक प्रक्रिया, औपचारिकता वा भूराजनीतिक संकीर्णता हुन सक्दैन । २०७२ को महाविनाशकारी भूकम्प सम्झनु पर्याप्त छ । विश्वभरिबाट नै नेपाललाई ठूलो मानवीय सहयोग भएको थियो । संकटका बेला यस्तो सहयोग अत्यन्त मूल्यवान हुन्छ । तर, त्यससँगै भारतीय सञ्चारमाध्यमको एउटा हिस्साले नेपाल आफैं केही गर्न नसक्ने र भारतले मात्र उद्धार गरिरहेको जस्तो चित्रण गरेको पनि हामीले देखेका थियौं । मानवीय सहयोगको गरिमा यस्तो प्रायोजित प्रचारले कमजोर बनाउँछ ।


भूकम्प होस् वा कोरोना महामारी, विगतका संकटले एउटा सत्य स्थापित गरेका छन्, राज्यको क्षमता भाषण, आश्वासनबाट होइन, संकटको मैदानमा देखिने परिणामबाट मापन हुन्छ । संकटको बेलमा पनि स्वार्थको रोटी सेक्ने, 'कात्रोझ मा समेत कमिशन खाने नियत पनि भोगेकै हो । तर, यसपटक सरकारको सक्रियता र पहल विगतका कतिपय संकटको तुलनामा सकारात्मक देखिएको छ । नियतमा खोट लाउने अवस्था देखिएको छैन । तर, अझै धेरै जिम्मेवारी पूरा गर्न बाँकी छ ।

भोटेकोशीमा राज्यका सुरक्षा निकायले स्रोत साधनको सीमाका बाबजुद जोखिम उठाएर गरेको खोज तथा उद्धार महत्त्वपूर्ण छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी ठूलो जोखिम मोलेर उद्धार तथा खोजीमा अहोरात्र खटिएका छन् । हेलिकोप्टर परिचालन भएका छन् । घाइतेको उद्धार भए । शव संकलन भइरहेका छन् ।

जोखिममा परेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने काम भए, भइरहेका छन् । यो राज्यशक्तिको सकारात्मक परिचालन हो ।

तर, भोटेकोशीको महाप्रलयपछि एउटा अर्को प्रश्न पनि उठेको छ, नेपालको संघीयता सिंहदरबारमा मात्र हो ? प्रदेश सरकार र स्थानीय सरकार पनि हो ? अहिले स्थानीय प्रतिनिधिहरू संघीय सरकारको टाउकोमा हालिदिएर आफूहरू पानीमाथिको ओभानो बनिरहेका छन् । उनीहरू मिडियामा संघको चर्को चर्को आलोचना गरिरहेका छन् । यहाँ संकीर्ण राजनीतिको गन्ध स्पस्ट देखिन्छ । संघ सरकार र स्थानीय सरकारको पार्टी फरक भएकाले संघीय सरकारलाई असफल बनाउने प्रपञ्च रचेको आभास हुन्छ ।

उनीहरूलाई स्वायत्तता प्रयोग गर्न के ले छेक्यो ? उनीहरूसँग निर्वाचित प्रतिनिधि छन् । कर्मचारी छन् । बजेट छ । कानुनी अधिकार छन् । विपद् व्यवस्थापनका संयन्त्र छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा, स्थानीय तहहरू त नागरिकका सबैभन्दा नजिक छन् । त्यसैले विपद्का बेला स्थानीय सरकारको मुख्य काम संघीय सरकारलाई फोन गरेर 'राहत कहिले आउँछ ?' भनेर सोध्नु मात्र हुन्छ र ? उसले आफ्नै स्रोतबाट नागरिकलाई सुरक्षित स्थानमा सार्नुपर्छ । खाना,



पानीसहित आधारभूत कुरा जुटाउनुपर्छ । स्वयंसेवक परिचालन गर्नुपर्छ । प्रभावित परिवारको तथ्यांक संकलन गर्नुपर्छ । अस्थायी आश्रयस्थल बनाउनुपर्छ । स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्छ । प्रहरी प्रशासनसँग समन्वय गर्नुपर्छ । यो जिम्मेवारी हो ।

प्रभावित क्षेत्रका स्थानीय तहले सम्पूर्ण विकास बजेटलाई स्थगन गरेर पनि पीडितको राहत, अस्थायी आवास र पुनःस्थापनाका लागि खर्च गर्न प्राथमिकता गर्नुपर्छ । विपद्का बेला बजेटको प्राथमिकता बदलिनुपर्छ । जुन बजेट जनताको जीवन जोगाउन, घरबारविहीनलाई अस्थायी आवास दिन र प्रभावित समुदायलाई तत्काल राहत पुर्‍याउन प्रयोग गरिदैन भने गैरजिम्मेवारी हो । भर्खरै नयाँ आर्थिक वर्ष सुरू भएकाले बजेटको अभाव छैन । विकासका नाममा बजेट खेलाएर मिलेमतोमा कमिसन खाने भ्रष्ट नियत राखेर, त्यहाँको बजेटको थैली बाँधेर केन्द्रको मुख ताकिएको हो भने त्यो अमानवीयता हो । धेरै स्थानीय तहमा त्यो विकृत प्रवृत्ति निकै झाङ्गिएको अवस्था छ ।

हो, बाढीपछि स्थानीय तहका केही प्रतिनिधिबाट संघीय सरकारप्रति उठाइएका कतिपय प्रश्नहरू अस्वाभाविक नहुन पनि सक्छन् । समन्वय कमजोर भएको हो भने सम्बन्धित निकायसँग समन्वय जोड्नु पर्छ । पीडितको पहिचानमा स्थानीय सरकारसँग पर्याप्त समन्वय नभएको हो भने त्यो पनि आन्तरिक च्यानलबाट सच्याइनुपर्छ । फेसबुकमा लेखेर, मिडियामा चर्का कुरा गरेर राजनीति गर्ने काम बन्द गर्नुपर्छ । संघलाई आलोचना गरिरहँदा स्थानीय सरकारले आफैंले चाहिँ के गर्‍यो ? कति मानिसलाई आफ्नै संयन्त्रबाट सुरक्षित स्थानमा सारियो ? कति परिवारलाई आफ्नै स्रोतबाट खाना र पानी दिइयो ? कति स्वयंसेवक परिचालन गरिए ? स्थानीय विपद् व्यवस्थापन समितिको बैठक कति पटक बस्यो ? प्रभावित नागरिकको तथ्यांक कति संकलन भयो ? अस्थायी आश्रयस्थल कहाँ बनाइयो ? शव भेटिएको ठाउँमा स्थानीय संयन्त्र तत्काल किन पुगेन ? यी प्रश्नको जवाफ नदिई संघीय सरकारलाई मात्र कठघरामा उभ्याउनु राजनीतिक पूर्वाग्रह हुन सक्छ ।

जब बाढीले क्षति पुर्‍याएका विद्यालय, अस्पताल वा सार्वजनिक संरचना सफा गर्नसमेत स्थानीय सरकार, राजनीतिक दल र समुदायले आफ्नो जनशक्ति परिचालन नगरेर सुरक्षा निकायको प्रतीक्षा गरेको लाजमर्दो अवस्था देखियो । स्थानीय सरकारसँग बजेट छ । कर्मचारी छन् । उपकरण छन् । डोजर छन् । जनशक्ति

> "भोटेकोशीमा राज्यका सुरक्षा निकायले स्रोत साधनको सीमाका बाबजुद जोखिम उठाएर गरेको खोज तथा उद्धार महत्त्वपूर्ण छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी ठूलो जोखिम मोलेर उद्धार तथा खोजीमा अहोरात्र खटिएका छन् । हेलिकोप्टर परिचालन भएका छन् । घाइतेको उद्धार भए । शव संकलन भइरहेका छन् । जोखिममा परेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने काम भए, भइरहेका छन्"

परिचालन गर्ने अधिकार छ । राजनीतिक दलसँग कार्यकर्ता छन् । आफ्नै बालबच्चा पढ्ने विद्यालय, आफैं उपचार गर्ने अस्पतालमा यस्तो बेलामा अन्यत्र प्राथमिकतामा लाग्नुपर्ने सुरक्षाकर्मीलाई ल्याइन्छ भने संघीयताले स्थानीय क्षमता निर्माण गर्‍यो कि परनिर्भरता ? आफ्नै अस्पताल सफा गर्न सक्ने शक्ति स्थानीय समाजसँग छैन ? आफ्नै बालबालिका पढ्ने विद्यालय पुनःस्थापित गर्न स्थानीय जनश्रमदान जुट्न सक्दैन ? राजनीतिक दलले सामाजिक सञ्जालमा संघ सरकारका विरोधमा कार्यकर्ताहरूलाई उतार्नुको साटो राहत र पुनःस्थापनाको मैदानमा उतार्न सक्दैनन् ?

भोटेकोशीले कर्मचारीतन्त्रको अर्को असहज पक्ष पनि सतहमा ल्याएको छ, सामाजिक सञ्जालमार्फत सरकारमाथि सार्वजनिक आक्रोश पोख्ने प्रवृत्ति । संघीय सरकारको विरोधमा राजनीति गर्ने । एमालेसँग आवद्ध एक सहसचिवलाई त जहाँ सरकारले सकेन भने उनलाई राम्रो काम गर न त भनेर प्रभावित क्षेत्रमा खटाइएको छ ।

कर्मचारी राज्यको संस्थागत संयन्त्रका सदस्य हुन् । कार्यालयभित्र एउटा भूमिका र सामाजिक सञ्जालमा अर्को राजनीतिक भूमिका देखिन थाल्यो भने प्रशासनिक निष्पक्षता हुँदैन । कर्मचारी आलोचनात्मक हुन सक्छन् तर राजनीतिक प्रतिस्पर्धी बन्न सक्दैनन् । सरकारसँग असहमति छ भने संस्थागत बाटा छन् । कानुन छ । प्रशासनिक प्रक्रिया छ । फेसबुकलाई प्रशासनिक आदेश, व्यक्तिगत आक्रोश र राजनीतिक प्रतिस्पर्धाको मैदान बनाउँदै जाने हो भने कमजोर हुने सरकार मात्र होइन, राज्यको संस्थागत संरचना हो । जब संघीय सरकार स्थानीय तहलाई दोष दिन्छ । स्थानीय तह संघीय सरकारलाई दोष दिन्छ । कर्मचारी सामाजिक सञ्जालमा सरकारसँग भिड्छन् र नागरिक भने उद्धारको प्रतीक्षामा बस्छन् । यो संघीयता होइन । यो जिम्मेवारी पन्छाउने खतरनाक अराजकता हो ।

भोटेकोशीले तीनै तहका सरकारलाई एउटै प्रश्न गरेको छ, संकटमा तपाईंको अधिकार के हो ? र, त्यो अधिकारबाट तपाईंले के गर्नुभयो ? संघीय सरकारले राष्ट्रिय स्तरको उद्धारमा ढिलाइ गरेको हो भने जवाफ दिनुपर्छ ।

प्रदेश सरकारले आफ्नो भूमिका देखाउनुपर्छ । स्थानीय सरकारले आफ्नै अधिकार र स्रोत परिचालन गरेर परिणाम देखाउनुपर्छ । सुरक्षा निकाय उद्धार र सुरक्षामा केन्द्रित हुनुपर्छ ।

कर्मचारीले प्रशासनिक मर्यादा कायम गर्नुपर्छ । राजनीतिक दलले आरोप प्रत्यारोपभन्दा स्वयंसेवा र पुनःस्थापनामा आफ्नो शक्ति लगाउनुपर्छ । किनकि बाढीले संघ र स्थानीय सरकार छुट्याएन । मृत्युले दल र पद हेरेन । बाढीले कसैको राजनीतिक हैसियत सोधेन । नदीलाई थाहा थिएन को सत्तामा छ, को प्रतिपक्षमा छ । पानीले कसैको पार्टीको झन्डा हेरेन । बगेका घरहरूमा सरकार र नागरिकबीचको प्रशासनिक सीमा थिएन ।

त्यसैले अब जिम्मेवारीलाई तह, दल र बहानामा बाँड्ने छुट कसैलाई छैन । अहिले पहिलो प्राथमिकता मान्छे हो । त्यसपछि पुनःस्थापना । र, त्यसपछि राज्यको हिसाब । कति नागरिक प्रभावित भए ? कति बेपत्ता भए ? कति उद्धार भए ? कति परिवारले राहत पाए ? कति रकम खर्च भयो ? कुन निकायले के गर्‍यो ? कहाँ कमजोरी भयो ? कसको निर्णय प्रभावकारी भयो ? कहाँ राज्य अनुपस्थित भयो ? यी प्रश्नको जवाफ इतिहासले माग्नेछ ।

भोटेकोशीको बाढीले घर, सडक र पुल बगाएको छ । तर यसले हाम्रो जिम्मेवारी पनि बगाएर लैजानु हुँदैन । बस्ती बगेको छ । जीवन चुँडिएको छ । संरचना ढलेका छन् । अब कम्तीमा जवाफदेहिता नढलोस् । जिम्मेवारी नबगाओस् । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको हो ।

## हिमाल पग्लियो, अर्थतन्त्र बग्यो :

# नखाएको विषको मूल्य कहिलेसम्म चुकाउने ?



● लिमा अधिकारी

हाम्रा गगनचुम्बी हिमालहरू अचेल शीतलता होइन, आर्तनाद र सुस्केरा छोड्दै छन् । विगतमा चाँदीझैं टल्कने सेता टाकुराहरू आजकल डढेका काला पत्थरमा परिणत हुँदै छन् । फुटेका हिमताल र उर्लिएका नदीहरूले बस्ती, पूर्वाधार र सपनाहरूलाई क्षणभरमै बगाइरहेका छन् ।

यस शृंखलाको पछिल्लो घटनाका रूपमा गत भदौ १० गते भोटेकोसीमा आएको विनाशकारी बाढीले मानवीय क्षतिसँगै नेपालको ऊर्जा, पूर्वाधार र वैदेशिक व्यापारमा बहुआयामिक धक्का दिएको छ । प्रारम्भिक विवरणअनुसार ९ सयभन्दा बढी मानिसको मृत्यु, करिब १८ हजार बेपत्ता र लाखौंको संख्यामा प्रभावित भएका छन् ।

सञ्चालनमा रहेका आठवटा परियोजनाको २८१ मेगावाट र निर्माणाधीन चारवटा जलविद्युत् आयोजनाको ३ सय ८८ मेगावाट गरी ६ सय ६९ मेगावाटका आयोजनामा क्षति पुगेको छ । महत्त्वपूर्ण ट्रान्समिसन लाइन, टावर, र सबस्टेसन क्षतिग्रस्त भएका छन् । नेपाल-चीन व्यापारका प्रमुख स्थलमार्ग तथा सीमा नाका जोड्ने सडक र पुलहरूमा क्षति पुग्दा आयात-निर्यात, आपूर्ति शृंखला, पर्यटन र सीमावर्ती व्यापारसमेत प्रभावित भएको छ । भोटेकोसीको बाढीले भौतिक संरचना मात्र बगाएको छैन, नेपालको अर्थतन्त्रको एउटा महत्त्वपूर्ण धमनीमै गम्भीर धक्का दिएको छ ।

भोटेकोसीको बाढीले धेरै परिवारबाट केवल घर-जग्गा र भौतिक सम्पत्ति मात्र खोसेको छैन, जीवनभरको कमाइ, सपना र भविष्यको आधार नै एकैछिनमा बगाइदिएको छ । कसैले आफ्ना आफन्त गुमाएका छन्, कसैले वर्षौंको पसिनाले जोडेको घरबार र सम्पूर्ण श्रीसम्पत्ति स्वाहा भएको देखेका छन् । यस त्रासदीको पीडा स्थानीय बासिन्दामा मात्र सीमित रहेन, स्वदेश तथा विदेशबाट तीर्थयात्रा र पर्यटनका लागि आएका यात्रु तथा पर्यटकसमेत बाढीको चपेटामा परेका छन् ।बाढीको अचानक आएको भेल, बगेका घर-संरचना र आफन्त तथा सहयात्रीको वियोगले बाँचेकाहरूको मनमा गहिरो भय र असुरक्षाको छाप छोडेको छ । आफ्नै आँखाअगाडि जीवनभरको सम्पत्ति माटोमा मिसिएको दृश्य, प्रियजन गुमाउनुको पीडा र भविष्यको अनिश्चितताले प्रभावित समुदायमा शोक, निराशा र मानसिक तनाव थपिएको छ । कतिपय परिवारका लागि सामान्य जीवनमा फर्किनु नै लामो र कठिन यात्रा बनेको छ ।

बाढीले जमिन, संरचना र सम्पत्ति मात्र बगाएन, यसले मानिसका सपना, सम्बन्ध र सुरक्षित भविष्यप्रतिको भरोसामाथि समेत गहिरो चोट पुर्‍याएको छ। त्यसैले विपद् पछिको पुनर्निर्माण इँटा, ढुंगा र सडकबाट मात्र होइन, आफन्त गुमाएका, सर्वस्व गुमाएका तथा त्रासदीबाट मानसिक रूपमा प्रभावित स्थानीय र यात्रुहरूको मन र जीवन पुनः जोड्ने संवेदनशील प्रयासबाट सुरु हुनुपर्छ ।

जलविद्युत् केवल ऊर्जा होइन, अँध्यारो चिरेर देशलाई आत्मनिर्भर र समृद्ध बनाउने आर्थिक मेरुदण्ड हो । हाल उत्पादित करिब ४ हजार मेगावाटमध्ये ३ हजार ६ सय मेगावाटभन्दा बढी उत्पादन निजीक्षेत्रको साहसिक लगानीबाट सम्भव भएको हो । तर, भदौ १० गते रसुवाको भोटेकोसीमा आएको विनाशकारी बाढी, अनि विगतका मेलम्ची, थामे, हेवाखोला, कावेली र सुपरमादीका विपत्तिहरूले खर्बौंको लगानीलाई बगर बनाइदिएका छन् ।

भदौ १० को बाढीले मात्रै करिब ७०० मेगावाटबराबरका आयोजनाहरू पूर्ण रूपमा ध्वस्त पारेको छ । जलविद्युत् आयोजना बग्नु भनेको केवल कंक्रिटका पर्खाल भत्किनु होइन, यसमा आमनागरिकको पसिनाको कमाइबाट बैंकहरूले प्रवाह गरेको ७० देखि ८० प्रतिशत कर्जा जोडिएको छ । जब आयोजना नै बग्छ, तब लगानीकर्ता टाँट पल्टिन्छन्, बैंकहरूमा खराब कर्जा चुलिन्छ र समग्र वित्तीय चक्र नै धराशायी हुने जोखिम निम्तिन्छ । यो भौतिक विनाशभन्दा गहिरो घाउ मानवीय क्षतिले दिएको छ । विभिन्न आयोजनाहरूमा देश निर्माणका लागि पसिना बगाइरहेका करिब हजारभन्दा बढी दक्ष इन्जिनियर, प्राविधिक र श्रमजीवीहरूले बाढीको चपेटामा परेर ज्यान गुमाएका वा बेपत्ता भएका छन् । एउटा दक्ष जनशक्ति तयार गर्न राज्य र परिवारले गरेको वर्षौंको लगानी क्षणभरमै माटोमा मिल्दा सिर्जना भएको रिक्तता अपूरणीय छ ।

भोटेकोसीमा आएको विनाशकारी बाढीले जलविद्युत् आयोजनामा मात्र क्षति पुर्‍याएको छैन, यसले सडक, पुल, पर्यटन, व्यापार, रोजगारी र स्थानीय आर्थिक गतिविधिमाथि समेत गम्भीर असर पारेको छ । महत्त्वपूर्ण पूर्वाधारहरूमा भएको क्षतिले आवागमन र आपूर्ति प्रणाली प्रभावित बनाउँदा व्यवसाय सञ्चालनदेखि दैनिक जनजीवनसम्म कठिन बनेको छ । उत्पादनशील क्षेत्र र स्थानीय बजारमा परेको यस्तो धक्काले प्राकृतिक विपत्तिको असर तत्कालीन क्षतिभन्दा धेरै परसम्म पुग्ने देखिन्छ ।

भौतिक पूर्वाधारको पुनर्निर्माणमा ठूलो सरकारी स्रोत परिचालन गर्नुपर्ने अवस्था सिर्जना हुँदा राज्यको विकास बजेट र वित्तीय स्रोतमा समेत थप दबाब पर्न सक्छ । भोटेकोसीको बाढीलाई एउटा स्थानीय प्राकृतिक विपत्तिका रूपमा मात्र नभई नेपाली अर्थतन्त्रको उत्पादन, पूर्वाधार र आर्थिक गतिविधिमै परेको बहुआयामिक प्रहारका रूपमा हेर्न आवश्यक छ ।

जलवायुजन्य विपद्ले रसुवागढी नाकाको मितेरी पुल, सडक र सुक्खा बन्दरगाहजस्ता रणनीतिक पूर्वाधार ध्वस्त पार्दा उत्तरी व्यापार नै गम्भीर संकटमा परेको छ । मुख्य व्यापारिक मौसममै अर्बौं रूपैयाँबराबरका सामान सीमापारि रोकिँदा यसको असर केवल व्यापारीसम्म सीमित छैन । राज्यले गुमाउने राजस्व, अवरुद्ध आपूर्ति शृ‌ङ्खला र बजारमा बढ्ने महँगीको भार अन्ततः सर्वसाधारणको काँधमा थपिँदै छ । एउटा सीमा नाका अवरुद्ध हुँदा त्यसले राष्ट्रिय अर्थतन्त्रको नसामै अवरोध सिर्जना गर्न सक्ने जोखिम यस विपत्तिले उजागर गरेको छ । यसको अर्को चोट गाउँका खेतबारी र श्रमबजारमा परेको छ । अनपेक्षित अतिवृष्टि, खडेरी र बाढीले हजारौं हेक्टरको बालीनाली नष्ट गर्दा किसानको वर्षौंको मिहिनेत क्षणभरमै माटोमा मिसिएको छ । हिमाली क्षेत्रमा हिमपग्लाइ र पहिरोका कारण पदमार्ग तथा पर्यटन पूर्वाधारमा क्षति पुग्दा पर्यटन व्यवसायसमेत प्रभावित भएको छ ।

स्थानीय उत्पादन बजारसम्म पुग्न नसक्दा ग्रामीण अर्थतन्त्र खुम्चिँदै गएको छ, रोजगारीका अवसर हराउँदै छन् र बाध्य भएर युवाहरू पुनः वैदेशिक रोजगारीतर्फ धकेलिने अवस्था सिर्जना हुँदै छ । यसरी जलवायु विपद्को प्रहार प्रकृतिमा मात्र सीमित छैन, यसले व्यापार, कृषि, पर्यटन, रोजगारी र ग्रामीण अर्थतन्त्रको जग नै कमजोर बनाउँदै छ ।

विश्वलाई स्वच्छ हावा दिँदै आफ्नो करिब ४५ प्रतिशत भूभागमा वनजंगल संरक्षण गरेर बसेको नेपालको विश्वव्यापी कार्बन उत्सर्जनमा हिस्सा जम्मा ०.०२७ प्रतिशत मात्र छ । तर, औद्योगिक तथा धनी राष्ट्रहरूले दशकौंदेखि फैलाउँदै आएको प्रदूषण र कार्बन उत्सर्जनको सबैभन्दा कठोर मूल्य भने नेपालजस्ता न्यून उत्सर्जन गर्ने देशहरूले चुकाइरहेका छन् ।

हिमाल पग्लँदै छन्, नदीतटीय बस्ती जोखिममा छन्, खर्बौंका पूर्वाधार बाढी र पहिरोको चपेटामा परिरहेका छन् र निर्दोष नागरिकले ज्यान गुमाइरहेका छन् । हामीले सिर्जना नगरेको संकटको भार आखिर नेपालीले कहिलेसम्म बोकिरहने ?अब जलवायु परिवर्तनका नाममा आउने खोक्रा आश्वासन र औपचारिक प्रतिबद्धताले मात्र पुग्दैन, जसले बढी प्रदूषण गरे, उसैले बढी जिम्मेवारी बहन गर्नुपर्छ । नेपाललाई राहत होइन, न्याय चाहिएको छ, सहानुभूति होइन, क्षतिपूर्ति चाहिएको छ । जलवायु विपद्बाट भएको आर्थिक, भौतिक र मानवीय क्षतिको निष्पक्ष मूल्यांकन गर्दै अन्तर्राष्ट्रिय वित्तीय सहयोग, अनुकूलनका लागि पर्याप्त स्रोत र हानि तथा क्षतिको सुनिश्चिततासहितको वास्तविक 'जलवायु न्याय' अब नेपालको अधिकारको रूपमा स्थापित गर्न पहलकदमी लिनु अत्यावश्यक भएको छ ।

हाम्रा हिमाल, नदी प्रणाली र वनजंगल केवल नेपालको प्राकृतिक सम्पदा मात्र होइनन्, सम्पूर्ण दक्षिण एसियाको पर्यावरणीय सन्तुलन र विश्वकै जलवायु प्रणालीका महत्त्वपूर्ण आधार हुन् । त्यसैले जलवायु न्याय धनी राष्ट्रहरूसँग मागिने कुनै दया वा भिख होइन, जलवायु संकटबाट प्रत्यक्ष प्रभावित नेपाली नागरिकको सम्मानपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकार हो । अब नेपालले जलवायु संकटलाई केवल पीडित राष्ट्रको गुनासोका रूपमा होइन, अधिकार र न्यायको मुद्दाका रूपमा अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्नुपर्छ ।

यसका लागि नेपालले परम्परागत औपचारिक कूटनीतिक शैलीबाट माथि उठेर तथ्य र प्रमाणमा आधारित आक्रामक जलवायु कूटनीति अवलम्बन गर्न आवश्यक छ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलन कोप (सीओपी) तथा संयुक्त राष्ट्रसंघका हरेक मञ्चमा जलवायुजन्य क्षतिको स्पष्ट तथ्यांक प्रस्तुत गर्दै 'लस एन्ड ड्यामेज फन्ड'बाट ऋण होइन, निसर्त क्षतिपूर्ति अनुदानको दाबी गर्नुपर्छ । नेपालजस्तै जलवायु संकटको मार खेपिरहेका हिमाली, अतिकम विकसित तथा साना टापु राष्ट्रहरूसँग साझा मोर्चा निर्माण गरी अन्तर्राष्ट्रिय दबाब थप प्रभावकारी बनाउनुपर्छ । हिमताल तथा जोखिमयुक्त क्षेत्रको निरन्तर निगरानीका लागि सेस्मिक सेन्सर, स्याटेलाइट र आधुनिक पूर्वचेतावनी प्रणालीमा अन्तर्राष्ट्रिय स्रोत तथा प्रविधि भित्र्याउनुपर्छ । आन्तरिक रूपमा पनि वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) लाई कागजी औपचारिकतामा सीमित नराखी हरेक पूर्वाधारलाई विपद् प्रतिरोधी र जलवायुअनुकूल बनाउनुपर्छ । बैंकिङ क्षेत्रमा हरित वित्त (ग्रीन फाइनान्सिङ) र विपद्पछिको द्रुत बीमा दाबी भुक्तानी प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ ।

हाम्रा सेता हिमालहरू काला पत्थरमा बदलिइरहँदा र नागरिकको पसिना भेलमा बगिरहँदा विश्व समुदाय मुकदर्शक बन्न पाउँदैन । अब नेपालले कुनै सम्झौता नगरी, आफ्ना हिमाल, अर्थतन्त्र र भावी पुस्ताको अस्तित्व रक्षाका लागि क्षतिपूर्तिसहितको ठोस जलवायु न्याय प्राप्तिको लडाइँ बढो सुझबुझसहित दृढतापूर्वक लड्नैपर्छ, जहाँ पृथ्वी आकाशलाई स्पर्श गर्न उचालिन्छ, त्यहीँ हिमालयले कुँदेको र आफ्ना जनताको मौन साहसले जोगाएको पवित्र धरोहरका रूपमा नेपाल अडिग उभिएको छ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको हो ।

# भोटेकोशी बाढीपछि राष्ट्रिय एकताका साथ खोज तथा उद्धारमा जुट्न राष्ट्रिय सभाध्यक्षको अपिल

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज, निजी क्षेत्र, समुदाय, मित्रराष्ट्र, अन्तरराष्ट्रिय साझेदार तथा आमनागरिकको साझा दायित्व भएको बताउनुभएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा विशेष सम्बोधन गर्दै अध्यक्ष दाहालले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको जीवन रक्षा, खोज तथा उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका कार्यलाई प्रभावकारी, पारदर्शी र मानवीय ढङ्गले अघि बढ्न आपसी सहकार्य र समन्वयमार्फत जुट्न सबैलाई अपिल गर्नुभयो । उहाँले घाइतेको निःशुल्क उपचार,सम्पर्कविहीननागरिककोखोज तथा उद्धारलाई उच्च प्राथमिकतामा राख्दै उपलब्ध स्रोतसाधन, प्रविधि तथा जनशक्तिको अधिकतम परिचालन गर्न सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।



अध्यक्ष दाहालले नदी तटीय तथा जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, स्वास्थ्य सेवा तथा अत्यावश्यक वस्तुको सहज पहुँच सुनिश्चित गर्न र प्रभावित क्षेत्रमा नियमित तथा विश्वासनीय सूचना प्रवाहको व्यवस्था मिलाउन आग्रह गर्नुभयो । राहत सामग्री सङ्कलन, भण्डारण, ढुवानी र वितरण पारदर्शी, व्यवस्थित तथा आवश्यकतामा आधारित हुनुपर्नेमा जोड दिँदै उहाँले वास्तविक प्रभावितसम्म समयमै राहत पुर्याउन र राहत वितरणसम्बन्धी जनगुनासो तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गर्नुभयो ।

बाढीबाट आवास, सडक, पुल, विद्युत्, सञ्चार, खानेपानी, शिक्षा तथा स्वास्थ्यलगायत अत्यावश्यक पूर्वाधारमा क्षति पुगेको उल्लेख गर्दै अध्यक्ष दाहालले क्षतिको यथार्थ तथा क्षेत्रगत मूल्याङ्कन गरी आवश्यक प्रक्रिया शीघ्र अघि बढाउनुपर्ने बताउनुभयो । उहाँले सोहीआधारमा राहत, पुनःस्थापना, पुनःनिर्माण तथा क्षतिपूर्तिका लागि स्पष्ट कार्ययोजना बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

अध्यक्ष दाहालले विपद् आएपछि उद्धार र राहतमा मात्र केन्द्रित हुनु पर्याप्त नभएको बताउँदै जोखिम पहिचान, पूर्वतयारी, पूर्वसूचना र जोखिम न्यूनीकरणका उपायलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । विशेषगरी हिमाली तथा नदी तटीय क्षेत्रमा पूर्वसूचना प्रणालीको विस्तार तथा सुदृढीकरण, अन्तरदेशीय सूचना आदानप्रदान संयन्त्र, जोखिम नक्साङ्कन, सुरक्षित बस्ती विकास र विपद् प्रतिरोधी पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने उहाँको भनाइ छ ।

राष्ट्रियसभाका अध्यक्ष दाहालले बाढी तथा पहिरोबाट क्षतिग्रस्त सडक, पुल, विद्युत्, सञ्चार, खानेपानी तथा स्वास्थ्य संस्थाको शीघ्र पुनःस्थापना र पुनर्निर्माण गर्न आग्रह गर्दै पुनर्निर्माण गर्दा भविष्यमा हुनसक्ने विपद्को जोखिमलाई समेत ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भोटेकोशी बाढीबाट उत्पन्न सङ्कटसँग जुध्न पार्टीगत सीमाभन्दा माथि उठेर राष्ट्रिय एकता कायम गर्न सरकार, राजनीतिक दल तथा सबै सरोकार भएका निकायलाई आग्रह गर्नुभयो ।

अध्यक्ष दाहालले राष्ट्रियसभाका सदस्यहरूलाई आ-आफ्नो अनुकूलतामा कम्तीमा १५ दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष वा प्रधानमन्त्री राहत कोषमा जम्मा गर्नसमेत आग्रह गर्नुभयो । उहाँले नदी तटीय तथा जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकलाई उच्च सतर्कता अपनाउन, अनावश्यक यात्रा नगर्न, सम्बन्धित निकायले जारी गर्ने पूर्वसूचना तथा सुरक्षा निर्देशनको पालना गर्न र जोखिम देखिएमा तत्काल सुरक्षित स्थानमा सर्न अपिल गर्नुभयो ।रासस

# 'विपद्पछि पुनर्निर्माणको चक्रबाट निस्कौँ, विकासको ढाँचा पुनर्लेखन गरौँ'

टुडे समाचारदाता

काठमाण्डु । सत्तारुढ दलका कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले नेपालको विकास निर्माण र भौतिक पूर्वाधारको ढाँचालाई पूर्ण रूपमा पुनर्लेखन गर्नुपर्नेमा जोड दिएकी छन् ।



देशका विभिन्न ठाउँका पछिल्ला विनाशकारी विपद् लाई स्मरण गर्दै गौतमले अब परम्परागत शैलीको निर्माणले मात्रै मुलुकको भविष्य सुरक्षित नहुने तर्क गरिन् ।

सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै मन्त्री गौतमले विगत १२-१३ वर्षयता जुरे पहिरो, २०७२ को महाभूकम्प, भोटेकोशी र मेलम्चीको बाढी, सोलुखुम्बुको थामेमा आएको लेदोसहितको बाढीदेखि हालै रसुवामा भएको विनाशसम्मको फेहरिस्त प्रस्तुत गरिन् ।

नेपालले विश्वको कार्बन उत्सर्जनमा न्यून योगदान पुऱ्याए पनि जलवायु परिवर्तनको सबैभन्दा ठूलो र असमान मूल्य चुकाउनु परिरहेको उनले बताइन् ।

मन्त्री सोविता लेख्छिन्, 'विश्वको विकास र विलासिताबाट सिर्जित जलवायु संकटको मूल्य नेपालजस्ता मुलुकले आफ्ना नागरिक, बस्ती र अर्थतन्त्र गुमाएर चुकाइरहेका छन् ।'

विपद्का कारण एउटा परिवारले घर मात्र नभई जीवनभरको कमाइ र एउटा समुदायले विकासका आधारभूत पहुँच 'शिक्षा, स्वास्थ्य, सडक) समेत गुमाउँदा समाज पटकपटक शून्यबाट सुरु गर्न बाध्य भएको प्रति उनको चिन्ता छ ।

मन्त्री गौतमले अब 'भत्किएको फेरि कसरी बनाउने ?' भन्ने प्रश्नमा मात्र सीमित नभई 'बनाउँदा विपद् सहन सक्ने गरी कसरी बनाउने ?' भन्ने तर्फ केन्द्रित हुनुपर्नेमा जोड दिएकी छन् । अबको विकासमा जोखिमयुक्त नदी किनार र भिरालो जमिनमा घर बनाउने परम्परागत सोच त्याग्नुपर्ने बेला आएको उनको भनाइ छ ।

कानून सुधार समितिमा आफूले यो विषय गम्भीरताका साथ उठाएको भन्दै उनले लेखेकी छन्, 'विपद् र जलवायु उत्थानशीलतालाई अब कानून र नीतिको एउटा सानो विषय मात्र बनाएर पुग्दैन । यसलाई हरेक विकाससम्बन्धी कानून, नीति, योजना र पूर्वाधार निर्माणको आधारभूत सिद्धान्त बनाउनुपर्छ ।'

मन्त्री गौतमले सुरक्षित भूउपयोग, एकीकृत र योजनाबद्ध बस्ती, सुरक्षित विद्यालय तथा अस्पताल र जलवायु अनुकूल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने भन्दै आवश्यक ठाउँमा योजनाबद्ध पुनर्वासको सोचसहित अघि बढ्नुपर्नेमा जोड दिएकी छन् ।

मन्त्री सविताले भनेकी छन्, 'हामी नदी रोक्न सक्दैनौँ । हिमाल र हिमनदीलाई नियन्त्रण गर्न सक्दैनौँ । विश्वव्यापी जलवायु परिवर्तन एक्लैले रोक्न पनि सक्दैनौँ । तर त्यसको सामना गर्न सक्ने नेपाल भने बनाउन भरपुर प्रयत्न गर्न सक्छौँ,' उनले भनेकी छन्, 'अब विपद्पछि पुनर्निर्माण गर्ने पुरानो चक्रबाट निस्केर नेपालकै विकासको ढाँचा पुनर्लेखन गर्ने समय आएको छ ।'

> "विश्वको विकास र विलासिताबाट सिर्जित जलवायु संकटको मूल्य नेपालजस्ता मुलुकले आफ्ना नागरिक, बस्ती र अर्थतन्त्र गुमाएर चुकाइरहेका छन् ।"

## विपद्का बेला रास्वपा प्रदेश सदस्यको विवादास्पद स्टाटस



टुडे समाचारदाता

काठमाण्डु । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लुम्बिनी प्रदेश सदस्य प्रभा ज्ञवालीले सामाजिक सञ्जाल फेसबुकमा लेखेको एक विवादास्पद स्टाटसलाई लिएर चौतर्फी आलोचना भएको छ ।

मुलुक विपद्को घडीमा रहेका बेला सरकारको बचाउ गर्ने क्रममा लेखिएको भनिएको उक्त स्टाटसलाई लिएर सामाजिक सञ्जाल प्रयोगकर्ताले आपत्ति जनाएका छन् ।

आलोचकहरूले विपद्मा ज्यान गुमाएका नागरिक तथा शोकमा रहेका परिवारप्रति संवेदनशील हुनुपर्ने समयमा यस्तो अभिव्यक्ति आपत्तिजनक भएको बताएका छन् ।

ज्ञवालीले फेसबुकमा लेखेकी थिइन्, 'सरकार लास नगाडम भो ! सबै नेपालीको घरमा १/१ वटा पठाइदिनु फृजमा राख्छम् । अझ गाडिस् भनेर बुरुक बुरुक उफ्रिनेकोमा २ वटा पठाइदिम् ।'

उक्त अभिव्यक्ति सार्वजनिक भएपछि सामाजिक सञ्जालमा उनको निकै धेरै आलोचना बढेको थियो । आलोचना बढ्दै गएपछि ज्ञवालीले आफ्नो फेसबुक स्टाटस हटाएकी छन् ।

ज्ञवाली नवलपरासीको परासी क्षेत्रमा बसोबास गर्दै आएकी छन् ।रासस

## सर्वदलीय बैठकमा भोटेकोशी विपदबारे छलफल



काठमाण्डु । भोटेकोशी बाढीबाट भएको क्षति, बेपत्ताको खोजी तथा उद्धार, राहत र पुनःस्थापनाका विषयमा छलफल गर्न सर्वदलीय बैठक सुरु भएको छ । सिंहदरबारस्थित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलको कार्यालयमा सुरु भएको बैठकमा विभिन्न राजनीतिक दलका दोस्रो तहका नेताहरू सहभागी हुनुहुन्छ ।

रास्वपाका प्रवक्ता जगदीश खरेलकाअनुसार बैठकमा विपद् पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, राष्ट्रिय विपद् नीतिमा समयानुकूल सुधार तथा सरकारका कामकारबाहीलाई निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्न संसदीय समिति (उच्चस्तरीय सर्वदलीय संयन्त्र) गठनको प्रक्रिया अघि बढाउने विषय मुख्य एजेन्डाका रूपमा छलफल भइरहेको छ ।

यही भदौ १० गते भोटेकोशीमा आएको बाढी पहिरोलगतै बसेको सर्वदलीय बैठकले विपद्को दिगो समाधान र पूर्वतयारीसम्बन्धी १० बुँदे साझा सङ्कल्प पारित गरेको थियो ।

उक्त साझा सङ्कल्पको बुँदा नम्बर १० मा विपद् व्यवस्थापन, पुनर्निर्माण र जोखिम न्यूनीकरणका कार्यलाई अल्पकालीन राहत र प्रतिक्रियामा मात्र सीमित नराखी दिगो तथा दीर्घकालीन समाधान खोज्नुपर्ने उल्लेख छ । सोहीअनुसार उच्चस्तरीय सर्वदलीय संयन्त्र गठन गर्ने सहमति भएको थियो । रासस

## सभामुख अर्यालद्वारा एक महिनाको पारिश्रमिक विपद् उद्धार कोषमा प्रदान गर्ने निर्णय

काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालले रसुवा बाढी प्रभावितको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुर्याउन एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गर्नुभएको छ ।

सङ्घीय संसद् सचिवालयका कर्मचारीको पनि सरकारको निर्णय बमोजिम श्रेणीगत रुपमा पारिश्रमिकवापतको रकम कट्टा गरी उक्त उद्धार कोषमा जम्मा गरिनेछ । रासस

# नेपाल–भारत सीमा समन्वय समितिको बैठक सम्पन्न

बैतडी । भारतको पिथौरागढमा नेपाल-भारत सीमा समन्वय समितिको बैठक सम्पन्न भएको छ ।

बैठकमा सीमा क्षेत्रमा उत्पन्न हुने समस्या तथा साझा सरोकारका विषयलाई आपसी संवाद, समन्वय र स्थापित संयन्त्रमार्फत समाधान गर्ने तथा शान्ति, सुरक्षा र सद्भाव कायम राख्न दुवै पक्षबाट प्रतिबद्धता जनाइएको छ ।



सीमा क्षेत्रमा शान्ति-सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन, व्यापार सहजीकरण तथा पूर्वाधार मर्मत र निर्माणलगायतका विषयमा छलफल भएको बैतडीका प्रमुख जिल्ला अधिकारी मीना अर्यालले जानकारी दिनुभयो । सीमा क्षेत्रमा हुने अवैध गतिविधि, तस्करी, लागुऔषध ओसारपसार, मानव बेचबिखन तथा अन्य सीमा अपराध नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच नियमित सूचना आदानप्रदान गर्ने सहमति भएको उहाँले जानकारी दिनुभयो । सीमा आवागमनलाई सहज र प्रभावकारी बनाउने विषयमा दुवै देशका अधिकारीबीच छलफल भएको थियो ।

"बाढीपहिरो तथा आकस्मिक बाढीको जोखिम नेपाल-भारत दुवैतर्फ नै छ", प्रजिअ अर्यालले भन्नुभयो, "विपद् व्यवस्थापनका लागि सूचना आदानप्रदान गर्ने साझा संयन्त्र निर्माण गर्ने विषयमा पनि बैठकमा छलफल भएको छ ।" बैठकमा नेपाल-भारतबीचको मैत्रीपूर्ण सम्बन्धलाई जनस्तरसम्म थप सुदृढ गर्दै सीमा समन्वय बैठकलाई निरन्तरता दिने विषयमा सहमति भएको जानकारी दिइएको छ ।

बैठकमा नेपालको तर्फबाट प्रमुख जिल्ला अधिकारी अर्यालको नेतृत्वमा बैतडी र दार्चुला जिल्लाका अधिकारी तथा सुरक्षा निकायका प्रतिनिधिको सहभागिता रहेको थियो । भारतको तर्फबाट पिथौरागढ जिल्लाका अधिकारी तथा सुरक्षा निकायका प्रतिनिधि सहभागी रहेको जानकारी दिइएको छ । रासस




## रामगोपालपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रामगोपालपुर, महोत्तरी
### मधेश प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

यस रामगोपालपुर नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य चालु आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा समावेश गरिए बमोजिम स्वीकृत विनियोजन ऐन, २०८३ अनुसार उक्त भवनको निर्माणको कार्य अगाडि बढाईएको सूचना सम्पूर्ण नगरबासी र सरोकारवालाहरुमा जानकारी गराईन्छ।



रामगोपालपुर नगरपालिका परिवार
रामगोपालपुर, महोत्तरी



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

### तपसिल

**क्र.सं. शाखा कार्यालय : निजगढ, बारा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : लक्ष्मी किराना पसल**
प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय
दर्ता नं. ७८१६/३७५, दर्ता मिति : २०७६/५/२४, पान नं. ६११८७१०६०, दर्ता मिति : २०७६/५/२४
ठेगाना : रौतहट जिल्ला, फतुवाविजयपुर न.पा. वडा नं. ६, **प्रोप्राइटर : शान्ती देवी**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : शान्ति देवी** | **२. नाम : सहदेव राय यादव** |
| ना.प्र.नं. ३६७९, जि.प्र.का. रौतहट | ना.प्र.न. २४४, जि.प्र.का. रौतहट |
| जारी मिति : २०६३/१२/३० | जारी मिति : २०४६/१२/०९ |
| पतिको नाम : सहदेव राय यादव | बाबुको नाम : बंशी राय यादव |
| ससुराको नाम : बंशी राय यादव | बाजेको नाम : रामजी राय यादव |
| ठेगाना : रौतहट जिल्ला, सन्तपुर (दो). वडा नं. ९ | ठेगाना : रौतहट जिल्ला, सन्तपुर (दो). वडा नं. ९ |
| हाल : रौतहट जिल्ला, फतुवाविजयपुर न.पा. वडा न. ६ | हाल : रौतहट जिल्ला, फतुवाविजयपुर न.पा. वडा न. ६ |

**धितोको विवरण**

सहदेव राय यादवको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (दो) गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. २६५ को क्षेत्रफल ०-६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

२. **नाम : विन्दु चौधरी**
ना.प्र.नं. २४७६, जि.प्र.का. रौतहट, जारी मिति : २०५४/०३१६
बाबुको नाम : सौखी चौधरी, बाजेको नाम : पासपत चौधरी
ठेगाना : रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४, हाल : रौतहट जिल्ला, गुजारा न.पा. वडा नं. २

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : पल्टनीया देवी** | **२. नाम : लोकेन्द्र चौधरी** |
| ना.प्र.न. ३२३०६२८४८, जि.प्र.का. रौतहट | ना.प्र.नं. ३२२०६२४८, जि.प्र.का. रौतहट |
| जारी मिति : २०६४/०१/११ | जारी मिति : २०७२/०४/०८ |
| पतिको नाम : विन्दु चौधरी | बाबुको नाम : विन्दु चौधरी |
| ससुराको नाम : सौखी चौधरी | बाजेको नाम : सौखी चौधरी |
| ठेगाना : रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४ | ठेगाना : रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४ |
| हाल : रौतहट जिल्ला, गुजारा न.पा. वडा नं. २ | हाल : रौतहट जिल्ला, गुजारा न.पा. वडा नं. २ |

**धितोको विवरण**

१. विन्दु चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ३४/१७० र १२६५ को क्षेत्रफल क्रमसः ०-०-१५ र ०-०-११ (विगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. पल्टनिया देवी र विन्दु चौधरीको संयुक्त नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १३६७ को क्षेत्रफल ०-२-० (विगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : गोलवजार, सिराहा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : न्यू माँ लक्ष्मी ईन्टरप्राइजेज**
नेपाल सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाण्जिय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा
दर्ता नं. ११२११२०७६०७७, दर्ता मिति : २०७६/०८/०२, पान नं. ६१२४५५९४८, दर्ता मिती :२०७६/०८/०२
ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४, **प्रोप्राईटर : सिता माया खत्री (साह)**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : सिता माया खत्री(साह)** | **२. नाम : धर्मा कुमार साह** |
| ना.प्र.नं. १५-०१-७२-०६०६१, जि.प्र.का. सिराहा | ना.प्र.नं. १५-०१-७२-०५७७०, जि.प्र.का. सिराहा |
| जारी मिति : २०७२/१२/२७ | जारी मिति : २०७२/११/१७ |
| पतिको नाम : धर्मा कुमार साह | बवाको नाम : सुरज साहु हलुवाई |
| ससुराको नाम : सुरज साहु हलुवाई | बाजेको नाम : रामजी साह हलुवाई |
| ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ३ | ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ३ |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : निजगढ, बारा, फोन नं. ०५३-५४०३७०
गोलवजार, सिराहा, फोन नं. ०३३-५४०५२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# मध्यपूर्वको बढ्दो तनावले तेल बजार र सेयर बजार प्रभावित

एएफपी । इरानसँगको द्वन्द्वमा एक महिनाभन्दा बढी समयसम्म उल्लेखनीय भीडन्त नभए पनि पुनः हिंसा भड्किएपछि भविष्यलाई लिएर अनिश्चितता बढेको छ। यसको प्रभाव विश्व बजारमा परेको छ । मङ्गलबार तेलको मूल्य करिब दुई प्रतिशतले बढ्दा विश्वभरका सेयर बजारमा गिरावट आएको छ।

अनलाइन 'फास्ट फेसन' खुद्रा विक्रेता 'शिन'को सेयर मङ्गलबार हङकङमा कारोबार सुरु भएलगत्तै १० प्रतिशतसम्म घटेको थियो । कारोबार बन्द हुँदा यसको मूल्य चार प्रतिशतले घटेको थियो।

ब्रेन्ट कच्चा तेलको मूल्य दुई प्रतिशतले बढेर प्रतिब्यारेल ९२ दशमलव ३५ अमेरिकी डलर पुगेको छ। आइतबार अमेरिकाले इरानी टापुमा रहेका रकेट प्रक्षेपण केन्द्रमा आक्रमण गरेपछि सोमबार पनि तेलको मूल्य दुई दशमलव सात प्रतिशतले बढेको थियो । अमेरिकाले ती प्रक्षेपण केन्द्रबाट 'स्ट्रेट अफ हर्मुज'मा समुद्री सुरुङ बम (माइन) बिछ्याउने तयारी भइरहेको दाबी गरेको थियो।




त्यसको जवाफमा इरानले जोर्डनस्थित अमेरिकी अखडामा क्षेप्यास्त्र प्रहार गरेको थियो। ती क्षेप्यास्त्रलाई बीचमै रोकिएको जनाइएको छ।

द्वन्द्वका कारण 'स्ट्रेट अफ हर्मुज' हुँदै हुने आवागमन सीमित भएको छ । विश्वको कुल तेल ढुवानीको करिब २० प्रतिशत यही मार्ग हुँदै हुने गरेको छ। द्वन्द्व सुरु भएयता तेलको मूल्य उच्च रहँदा पेट्रोलियम पदार्थदेखि ढुवानी गरिने सामानसम्मको मूल्य बढेको छ । अमेरिकी बेन्चमार्क कच्चा तेलको मूल्य दुई दशमलव पाँच प्रतिशतले बढेर प्रतिब्यारेल ८७ दशमलव ८४ डलर पुगेको छ। युरोपेली बजारको प्रारम्भिक कारोबारमा जर्मनीको ड्याक्स सूचकाङ्क एक दशमलव एक प्रतिशतले घटेर २५,९८२ दशमलव २८ मा झरेको छ। पेरिसको क्याक ४० सूचकाङ्क शून्य दशमलव चार प्रतिशतले घटेर ८,३०३ दशमलव ६५ मा सीमित भएको छ। बेलायतको एफटीएसई १०० सूचकाङ्क पनि एक दशमलव एक प्रतिशतले घटेर १०,७०२ दशमलव २५ मा आएको छ।

एसियाली सेयर बजारमा हङकङको हाङ सेङ सूचकाङ्क शून्य दशमलव नौ प्रतिशतले घटेर २५,३२९ दशमलव ७३ मा झरेको छ भने सांघाई कम्पोजिट सूचकाङ्क शून्य दशमलव दुई प्रतिशतले घटेर ३,९७९ दशमलव ८९ मा सीमित भएको छ।

टोकियोको निक्केई २२५ सूचकाङ्कले सुरुवाती वृद्धि गुमाउँदै शून्य दशमलव प्रतिशतको गिरावटसहित ६६,२१५ दशमलव ३४ मा झरेको छ । दक्षिण कोरियाको कोस्पी सूचकाङ्क भने शून्य दशमलव दुई प्रतिशतले बढेर ६,८३५ दशमलव ८० पुगेको छ । अस्ट्रेलियाको एसएन्डपी/एएसएक्स २०० सूचकाङ्क शून्य दशमलव एक प्रतिशतले घटेर ९,०६६ दशमलव ७० मा आएको छ।

यसबीच ऊर्जा क्षेत्रका कम्पनीको सेयर मूल्य भने बढेको थियो। एक्सन मोबिलको सेयर दुई दशमलव सात प्रतिशत र सेभ्रोनको दुई दशमलव एक प्रतिशतले बढेको थियो।

ऊर्जाको मूल्यवृद्धिले यसअघि नै उच्च रहेको मुद्रास्फीतिमा थप दबाब सिर्जना गरेको छ । मुद्रास्फीति अमेरिकी केन्द्रीय बैङ्क फेडरल रिजर्भको दुई प्रतिशतको लक्ष्यभन्दा अझै माथि छ। ऊर्जाको मूल्यवृद्धिले घरायसी खर्च र उपभोक्ता विश्वासमा दबाब बढाउनुका साथै फेडरल रिजर्भको ब्याजदर नीतिसम्बन्धी निर्णयलाई थप जटिल बनाएको छ।

फेडरल रिजर्भको आगामी कदमबारे लगानीकर्ताको अपेक्षालाई नजिकबाट प्रतिबिम्बित गर्ने दुई वर्षे ट्रेजरी बन्डको प्रतिफल सोमबार चार दशमलव ३४ प्रतिशतमा स्थिर रह्यो । यो शुक्रबारको अन्त्यमा पनि सोही स्तरमा थियो । सन् २०२६ को सुरुवातमा भने उक्त प्रतिफल करिब तीन दशमलव ५० प्रतिशत थियो। रासस

# पिकलबलमा सुवर्णलाई दोहोरो उपाधि

टुडे समाचारदाता

काठमाण्डु। हार्दिक फिटनेसको २९औँ वार्षिकोत्सवका अवसरमा आयोजित खुला पिकलबल प्रतियोगितामा सुवर्ण शाहले पुरुष एकल र डबल्स दुवैको उपाधि हात पार्न सफल भएका छन् ।



पुल्चोकस्थित हार्दिक फिटनेसले पहिलोपटक आयोजना गरेको प्रतियोगिताको पुरुष एकल फाइनलमा सुवर्णले प्रनव खनाललाई ११-४, ११-१ को सोझो सेटमा पराजित गर्दै उपाधि जितेका छन् ।

डबल्समा भने सुवर्णले समीर पोखरेलसँग मिलेर उपाधि जिते। सुवर्ण र समीरको जोडीले फाइनलमा लक्ष्यविक्रम शाह र अनिश अधिकारीको जोडीलाई ११-५, ११-२ ले पराजित गर्दै च्याम्पियन बनेको छ ।

पुरुष एकलमा आयुष श्रेष्ठले मनोज कुमारलाई ११-३, ५-११, ११-८ ले हराउँदै तेस्रो स्थान हासिल गरे। डबल्सको तेस्रो स्थानका लागि भएको खेलमा कृष्ण अग्रवाल र मनोज कुमारको जोडीले रोहित चाम्लिङ र बेदकुमार तामाङको जोडीलाई १०-१२, ११-७, ११-७ ले पराजित गरेको थियो।

प्रत्येक विधा खेलाडी र जोडीको विजेताले ३० हजार, दोस्रोले १५ हजार र तेस्रो ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। विजेतालाई गिफ्ट ह्याम्परसँगै हार्दिक फिटनेसको निःशुल्क सदस्यता पनि प्रदान गरिएको थियो।

नेपालमा नयाँ खेलका रूपमा विस्तार भइरहेको पिकलबलको प्रतियोगितामा पुरुष एकलतर्फ ३६ खेलाडी तथा डबल्समा ४६ टोलीले सहभागिता रहेको थियो।

# युक्रेनमा रूसी आक्रमण, १२ जनाको मृत्यु २१ घाइते



एएफपी । रूसले किएभ लगायत वरपरको क्षेत्रमा गरेको ड्रोन तथा ब्यालेस्टिक मिसाइल आक्रमणमा परी कम्तिमा १२ जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएको युक्रेनले मङ्गलबार बताएको छ।

मस्कोले पछिल्लो समयममा किएभमा आफ्नो आक्रमणलाई तीव्र बनाएको छ, आक्रमणको साढे चार वर्ष भन्दा लामो समय पछि अमेरिकी मध्यस्थतामा वार्ता प्रक्रिया जारी छ भने क्रेमलिनले युद्ध अन्त्य गर्न आफ्नो अधिकतम मागहरू छोडेको छैन।

हप्तौँको आक्रमणपछि किएभले सुरक्षा कडा पारेको छ र राजधानीमा मङ्गलबार करिब एक दर्जन चर्को विस्फोट हुनुका साथै आकाशमा पनि आक्रमणको प्रभाव देखिरहेको एएफपीले जनाएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसी आतङ्क को निन्दा गर्दै मृतकहरूमध्ये एक भारतीय नागरिक रहेको बताउनुभएको छ। उहाँले यस समयमा युक्रेनको हवाई रक्षालाई थप शक्तीशाली बनाउनका आवाश्यक सहयोग बढाउन सहयोगीहरूलाई आह्वान गर्नुभएको छ।

अधिकारीहरूका अनुसार पीडितहरू मध्ये आठ जना किएभमा मारिएका थिए भने तीमध्ये अधिकांश रेलका कामदारहरू थिए जसको ब्यालिस्टिक मिसाइल रेल डिपोमा ठोक्किएपछि मृत्यु भएको थियो।

युक्रेनी रेलवेका प्रमुख कार्यकारी ओलेक्सान्डर पेर्टसोव्स्कीले कम्पनीका ६ जना कर्मचारीको रूसी आक्रमणमा मृत्यु भएको बताउनुभएको छ।

आक्रमणले व्यापक विनाश निम्त्याएको जनाउँदै कार्यस्थलको पूर्ण विनाश भएको र केही स्थानहरूमा आगलागी भएको उहाँले बताउनुभएको छ।

बोरिस्पिलको उपनगरमा एउटा आवासीय भवनमा क्षति पुगेको जनाउँदै युक्रेनी अधिकारीहरूले घोषणा गरेअनुसार किएभ क्षेत्रमा अन्य चार जनाको मृत्यु भएको छ।

जेलेन्स्कीले बोरिस्पिलको भवनबाट ५० जनालाई बाहिर निकालिएको बताउनुभएको छ । युक्रनी हवाई रक्षा क्षमताहरू कमजोर भएकाले रूसले हिसांम्मक आक्रमण जारी राखी मानिसहरूको जीवन प्रभावित भनाई रहेको सामाजिक सञ्जाल मार्फत जनाउनु भएको छ ।

युरोपियन युनियनका रक्षा र विदेश मन्त्रीहरू मङ्गलबारदेखि आयरल्यान्डमा भेला हुने भएका छन् किएभ माथि क्रेमलिनले आफ्नो हवाई अभियानलाई बढाइरहेको छ।

युक्रेनको सीमा सेवाले मस्कोले नेटो-सदस्य रोमानियासँगको सीमामा रहेको नाकामा सोहि प्रकारको ड्रोन आक्रमण गरेको थियो।

रोमानियाले यस वर्ष दुई पटक आफ्नो हवाई क्षेत्रमा प्रवेश गर्ने रूसी ड्रोनलाई गोली हानेर खसालेको घोषणा गरेको छ।

युक्रेनी अधिकारीहरूले मस्कोले जापोरिफियामा प्रहार गर्दा चार जना घाइते भएको र दक्षिणी ओडेसा क्षेत्रमा आक्रमण गरेको बताएका छन्।

रूसको रक्षा मन्त्रालयले आफ्नो सेनाले लामो दूरीको हतियार र आक्रमण ड्रोन प्रयोग गरेर आक्रमण गरेको बताएको छ।

आक्रमणले किएभ र वरपरका क्षेत्रमा सैन्य-औद्योगिक र इन्धन र ऊर्जा सुविधाहरूलाई लक्षित गरेको बताइएको छ।

मन्त्रालयले ओडेसा क्षेत्र र ओडेसा र चोर्नोमोर्स्कका बन्दरगाहहरूमा पूर्वाधारमा प्रहार गरेको पनि बताएको छ।

युक्रेनी वायु सेनाले किएभ र यस क्षेत्रमा ब्यालिस्टिक हतियार र आक्रमणका अन्य माध्यमहरूको खतरा जारी रहेको चेतावनी दिदै स्थानीय बासिन्दाहरूलाई सुरक्षित आश्रयमा रहन आग्रह गरेको थियो।

युक्रेनी केटाकेटीहरू मङ्गलबार जाने बताउँदै किएभ क्षेत्रीय सैन्य प्रशासनले उच्च जोखिममा रहेका क्षेत्रहरूमा ठुला घटनाहरू हुन नहुने चेतावनी दिएको छ।

किएभ र यसको वरपरका क्षेत्रहरू हालैका हप्ताहरूमा रूसी आक्रमणहरूबाट निरन्तर दबाबमा आएका छन् भने जेटबाट-सञ्चालित ड्रोनहरूले खतरा थपेको चेतावनी दिएको छ।

एक सप्ताहन्तमा राजधानीको उपनगरमा एउटा गोलाबारुद भण्डारमा भएको आक्रमणमा ३८ जनाको मृत्यु भएको थियो।

दुवै पक्षले पछिल्लो समयमा गोदामहरू, व्यवसायहरू र तेल र बन्दरगाह सुविधाहरूका साथै जहाजहरू जस्ता पूर्वाधारहरूलाई लक्षित गर्दै लामो दूरीका आक्रमणहरू बढाउँदा नागरिक हताहती बढेको जनाइएको छ।

युक्रेनले अवरोधक मिसाइलहरूको अभावको सामना गरिरहदा विशेष गरी ब्यालिस्टिक खतराहरू विरुद्धको प्रयोगका लागि अमेरिकी निर्मित प्याट्रियट प्रणालीहरूको अभाव रहेको जनाइएको छ। रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/११/१२ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८३/०१/१२ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोल पुनः दोश्रो पटक यो १५ दिने यो सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सहदेव यादवको नाति, बुधराम यादवको छोरा, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **प्रदिप कुमार यादव** (ना.प्र.नं. ५७८९/६३, जारी मिति २०६३/०१/२४, जि.प्र.का. सिराहा) ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. सहदेव यादवको नाति, बुधराम यादवको छोरा, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **श्रवन कुमार यादब** (ना.प्र.नं. १५१०७०/१६४२५, जारी मिति २०६८/०७/०२, जि.प्र.का. सिराहा) । | २. सहदेव यादवको बुहारी, बुधराम यादवको पत्नी, सिराहा जिल्ला, साविक चन्द्र अयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **रजनी कुमारी यादव** (ना.प्र.नं. १५३०७०/२७, जारी मिति २०६३/१०/०९, जि.प्र.का. सिराहा) । |

३. धनई यादवको नाति, सहदेव यादवको छोरा, सिराहा जिल्ला, साविक डुमरी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **बुधराम यादव** (ना.प्र.नं. ३९४८०१४८, जारी मिति २०४७/०३/३१, जि.प्र.का. सिराहा) ।

**धितोको विवरण**

प्रदिप कुमार यादव (ना.प्र.नं. ५७८९/६३, जारी मिति २०६३/०१/२४, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मालपोत कार्यालय सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क स्थित कि.नं. ४५४५ को क्षेत्रफल ०-०-१४ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०५/३१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय मिर्चैया, सिरहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/०१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय मिर्चैया, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय मिर्चैया, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : मिर्चैया, सिरहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०५/१७ गते बुधबार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकको शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०५/१३ गते शुक्रबार र मिति २०८२/०४/०४ गते आइतबारको राष्ट्रिय लोकतन्त्र दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८२/०८/०८ गते सोमवार र मिति २०८३/०१/११ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८२/०३/१६ गते मलंगवाको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट पूनः लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाही**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०५/२४ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाही**मा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी :** प्रदेश सरकार, मधेश प्रदेश नेपाल, उद्योग पर्यटन तथा वन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६७/०५/२९ मा दर्ता भई प्रा.फ.र.नं. १०६१/२०६७/०६८, कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०६७/०६/११ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००१६८३७३ को प्रमाणपत्र प्राप्त **अमन गिफ्ट कर्नर ।**
**फर्मको ठेगाना :** सर्लाही जिल्ला, मलंगवा नगरपालीका वडा नं. ८ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : शिवनाथ गोस्वामी** (ना.प्र.न. १९३०३१/८१८, जारी मिति २०६३/१२/२२, जि.प्र.का. सर्लाही) । ठेगाना : जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ (साविक ऐ.ऐ. वडा नं.५) । बाबु : बलदेव जोगी । बाजे : चलित्र जोगी । | **जमानतकर्ता : रामाशंकर जोगी** (ना.प्र.न. १९३०३१/८१७ जारी मिति २०६३/१२/२२, जि.प्र.का. सर्लाही) । ठेगाना : जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ (साविक ऐ.ऐ. वडा नं.५) । बाबु : बलदेव जोगी । बाजे : चलित्र जोगी । |
| **जमानतकर्ता : बलदेव जोगी** (ना.प्र.न. ७१४३०६११, जारी मिति २०३६।०४।१६, जि.प्र.का. सर्लाही) । ठेगाना : जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ (साविक ऐ.ऐ. वडा नं.५) । बाबु : चलित्र जोगी । बाजे : सुकन जोगी । | **ख. धितो सुरक्षण सम्पत्तिको विवरण :** १. **बलदेव जोगी**को नाममा मालपोत कार्यालय सर्लाही मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला मलंगवा न.पा. वडा नं. ५, नक्सा सिट नं. ०८८६००९, स्थित कि.नं. २८५ र २८८ क्षेत्रफल ०,००५७.३३ र ०,००३३.८६ (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......... १ २. ऋणी **अमन गिफ्ट कर्नर**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..... १ |

**२. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/१०/२०/०५ मा दर्ता भई प्रा.फ.र.नं. ६१४८/०७३/०७४ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७३/१०/२१ मा करदाताको नाम सन्जोग कुमारी महतो कारोवारको नाम कुशबंशी गाई पशु पालन कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५७०३३०२ को प्रमाणपत्र प्राप्त **कुशबंशी गाई पशु पालन कृषि फर्म ।**
**फर्मको ठेगाना :** सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. १ (साविक नेत्रगंज गा.वि.स., वडा नं. ७) ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ता : सन्जोग कुमारी महतो** (ना.प्र.नं. ७११०००४५, जारी मिति २०५४/०६/०८, जारी गर्ने कार्यालय इलाका प्रशासन कायालय हरिवन, सर्लाही) । ठेगाना : सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १ (साविक पत्थरकोट गा.वि.स. वडा नं. ८) । बाबुः नागेश्वर महतो । पति : राम एकवाल महतो । ससुरा : राजदेव महतो । | **जमानतकर्ताः राम एकवाल महतो** (ना.प्र.नं. ६६४८०८७८, जारी मिति २०६१/०४/०६, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगाना : सर्लाही जिल्ला सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १ (साविक नेत्रगन्ज गा.वि.स. वडा नं. ७) । बाबुः राजदेव महतो । बाजे : रघुविर महतो । |

**लिलाम बिक्रीको लागि प्रकाशित धितो सम्पत्तिको विवरण :**

१. **सन्जोग कुमारी महतो**को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला हरीपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ग, स्थित कित्ता नं क्रमसः २४५, २५० र ३४१ क्षेत्रफल क्रमसः ०(१(१२-८, ०(४(४-० र ०(४(१५-० (बिघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...........१
२. ऋणी **कुशबंशी गाई पशु पालन कृषि फर्म**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय,बबरमहल,काठमाण्डौ र शाखा कार्यालय मलंगवा, सर्लाही**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय मलंगवा, सर्लाही**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# धितोमा रहेको अचल सम्पत्ति बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री बारेको १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१७ गते**

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर समयमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले उल्लेखित ऋणीहरुलाई पटक-पटक पत्राचार गरिएको, राष्ट्रिय दैनिक पत्रिका मार्फत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज आदि नतिर्ने ऋणीहरुको लिलामीको सूचना प्रकाशित गर्दा पनि कर्जाको साँवा, ब्याज तथा हर्जाना ब्याज भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले ऋणीहरुको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा आजका मितिले १६ औं दिनमा यसै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत तथा ब्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराउँदछौ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुवाट धितोले नखामेको बक्यौता रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता, धितो जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ। साथै धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सुचना केन्द्रमा कालो सुचीको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सुचनाद्वारा अवगत गराईन्छ।

| कर्जा नं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| १. सहुलियत पूर्ण कर्जा नं. ००१०३७०००१ ७९०६००००००२ | **ऋणीको नाम** : नेशनल बहुउदेशीय कृषी फर्म को प्रो. राघवेन्द्र प्रसाद यादव<br>**बाजेको नाम** : मेसो यादव<br>**बुवाको नाम** : राम दयाल यादव<br>जि. धनुषा, धनुषाधाम न.पा. -०२<br>हाल जि. धनुषा, जनकपुरधाम उप म.न.पा. - ०९<br>**धनजमानीकर्ता** – गौरी कुमारी<br>जि. धनुषा, बसबिट्टी -४<br>हाल जि. धनुषा, जनकपुरधाम उप म.न.पा. - ०९ | निज ऋणीको पत्नी गौरी कुमारीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, धनुषा गोविन्दपुर वडा नं. ७ सीट नं. ७क कित्ता नं. १४४६ को क्षेत्रफल ०-९-०-०, जिल्ला धनुषा, धनुषा गोविन्दपुर वडा नं. ४ सीट नं. ४ख कित्ता नं. ११३ को क्षेत्रफल ०-३-१-० र जिल्ला धनुषा, धनुषा गोविन्दपुर वडा नं. ४ सीट नं. ४ख कित्ता नं. ११२ को क्षेत्रफल ०-०-१९-० जग्गाहरु र लिगलगा पात समेत। |
| २. कृषि कर्जा नं. ००२०४८०००१ ८४६४००००००२ र व्यापार कर्जा नं. ००२०३१०००१ ८४६४०००००३ | **ऋणीको नाम** : सिया कृषि फार्म तथा खाद्य उद्योग प्रा. लि. को प्रो. अस्मिता अधिकारी<br>**पतिको नाम** : सुमान अधिकारी<br>**ससुराको नाम** : सुनिल अधिकारी<br>जि. महोत्तरी, गौशला न.पा. - ११,<br>हाल जि. महोत्तरी, बर्दिबास न.पा.- २ | निज ऋणी श्री सिया कृषि फार्म तथा खाद्य उद्योग प्रा.लि. को नाउँमा दर्ता कायम रहेको जि.महोत्तरी र धनुषाको जग्गाहरु र लिगलगा पात समेत। (तालिका तल) |

| गा.वि.स.,न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| हत्तिसर्वा, महोतरी | ९।क | ७४० | ०-५-७.५-० |
| हत्तिसर्वा, महोतरी | ९।क | ७८४ | ०-४-१७.२५-० |
| हत्तिसर्वा, महोतरी | ९।क | १३२ | ०-९-०-० |
| हत्तिसर्वा, महोतरी | ४।ख | ३८ | ०-२-१०-० |
| ढल्केवर, धनुषा | ३।क | १६१० | ०-७-०-० |
| ढल्केवर, धनुषा | ५।क | ११०६ | ०-१-०-० |
| नक्टाझिज, धनुषा | ७।क | २२८ | १-१-२-० |

| कर्जा नं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| ३. व्यापार कर्जा नं. ००२०३१०००१ ८३५७००००००२ | **ऋणीको नाम** : बि. एस. जेनरल सप्लायर्स को प्रो. राम कुमार सिंह<br>**बाजेको नाम** : राम शरण सिंह<br>**बुवाको नाम** : रुपलाल सिंह<br>जि. महोत्तरी, औरही न.पा. - ०१<br>हाल जि. महोत्तरी, भंगहा -७ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, गा.वि.स. बिजलपुरा वडा नं. १ कित्ता नं. ६३८ को क्षेत्रफल ०-१०-०-० र ऐ.ऐ. वडा नं. १ कित्ता नं. ६०८ को क्षेत्रफल ०-९-०-० जग्गाहरु र लिगलगा पात समेत। |
| ४. व्यापार कर्जा नं. ००२०३१०००१ ०७०९०००००२ | **ऋणीको नाम** : जागृति इन्टरप्राईजेज को प्रो. विनेश्वर कुमार राउत<br>**बाजेको नाम** : गुदरी राउत भेडिहर<br>**बुवाको नाम** : जयकिशोर राउत भेडिहर<br>जि. महोत्तरी, बिजलपुरा-१<br>हाल जि. महोत्तरी बर्दिवास न.पा.- १२<br>**धनजमानीकर्ता** – जयकिशोर राउत भेडिहर, सिँहेश्वर राउत<br>जि. महोत्तरी, बिजलपुरा-१ | निज ऋणीको बुवा जयकिशोर राउत भेडिहरको नाउँमा दर्ता कायम रहेको जिल्ला महोत्तरीको जग्गाहरु लिगलगा पात समेत। (तालिका तल) |

| गा.वि.स./न.पा. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| बिजलपुरा | १।क | ६३७ | ०-९-५.५-० |
| बिजलपुरा | १।क | ६५९ | १-५-५.५-० |

र निजको भाई सिँहेश्वर राउतको नाउँमा दर्ता कायम रहेको जिल्ला महोत्तरीको जग्गाहरु र लिगलगा पात समेत।

| गा.वि.स./न.पा. | वार्ड नं./ सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| बिजलपुरा | १।ख | २३४ | १-२-५-० |
| बिजलपुरा | १।ख | २३९ | ०-९-३-० |
| बिजलपुरा | १।ख | २३७ | १-४-१.५-० |
| बिजलपुरा | १।ख | २३६ | ०-८-१-० |
| बिजलपुरा | १।ख | ३०४ | ०-१२-१.५-० |
| बिजलपुरा | १।ख | २३३ | १-२-५-० |
| बिजलपुरा | १।ख | २३८ | १-४-१.५-० |
| बिजलपुरा | १।ख | २३५ | ०-८-१-० |
| बिजलपुरा | १।ख | १८० | ०-८-८-० |
| बिजलपुरा | १।ख | २४० | ०-९-३-० |

| कर्जा नं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| ५. सहुलियतपूर्ण कर्जा नं. ००२०३७०००१ ०७०८०००००३ | **ऋणीको नाम** : चुरीया माई भैंसी फर्म को प्रो. लक्ष्मेश्वर राउत भेडिहर<br>**बाजेको नाम** : गुदरी राउत भेडिहर<br>**बुवाको नाम** : जयकिशोर राउत भेडिहर<br>जि. महोत्तरी, बिजलपुरा - १<br>हाल जि. महोत्तरी बर्दिवास न.पा. - १२<br>**धनजमानीकर्ता–** जयकिशोर राउत भेडिहर र सिंहेश्वर राउत<br>जि. महोत्तरी, बिजलपुरा-१ | जागृति इन्टरप्राईजेजको कर्जा मा राखिएको सम्पूर्ण धितो घर जग्गाहरु र लिगलगा पात समेत। |
| ६. सहुलियतपूर्ण कर्जा नं. ००२०३७०००१ ०७०७०००००२ | **ऋणीको नाम** : बिजलपुरा कृषि फर्म प्रा. लि. का संचालक सिंहेश्वर राउत<br>**बाजेको नाम** : गुदरी राउत भेडिहर<br>**बुवाको नाम** : जयकिशोर राउत भेडिहर<br>जि. महोत्तरी, बिजलपुरा-१<br>हाल जि. महोत्तरी बर्दिवास न.पा.- १२<br>**धनजमानीकर्ता–** जयकिशोर राउत भेडिहर<br>जि. महोत्तरी, बिजलपुरा-१ | जागृति इन्टरप्राईजेजको कर्जा मा राखिएको सम्पूर्ण धितो घर जग्गाहरु र लिगलगा पात समेत। |
| ७. व्यापार कर्जा नं. ००२०३१०००१ १९७८०००००४ सहुलियतपूर्ण कर्जा नं. ००२०४९०००१ १९७८०००००२ र सहुलियतपूर्ण कर्जा नं. ००२०३७०००१ १९७८०००००५ | **ऋणीको नाम** : सदमार्ग कृषि फार्म प्रा. लि. को संचालक बोझ कुमारी खड्का<br>**पतिको नाम** : धर्मराज बराल<br>**ससुराको नाम** : सडराज बराल<br>जिल्ला महोत्तरी, भंगहा न.पा. - ६<br>हाल जि. महोत्तरी बर्दिवास न.पा. - १<br>**धनजमानीकर्ता** – धर्मराज बराल<br>जि. सर्लाही हरिवन वडा नं - १<br>हाल जि. महोत्तरी बर्दिवास न.पा. १ | जिल्ला महोत्तरी, भंगहा वाडा नं( ६ सदमार्ग कृषि फर्म प्रा. लि.को नाउमा दर्ता कायम रहेको जिल्ला महोत्तरीको जग्गाहरु लिगलगा पात समेत। (तालिका तल) |

| गा.वि.स. /न.पा. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| हत्तिसर्वा | ९।क | ५६४ | ०-५-८.७५-० |
| हत्तिसर्वा | ९।क | १८ | ०-१५-०-० |
| हत्तिसर्वा | ९।ख | ८०१ | १-७-०-० |
| हत्तिसर्वा | ९।ख | ८०० | ०-१९-०-० |
| हत्तिसर्वा | ९।क | ४३१ | २-०-०-० |
| हत्तिसर्वा | ९।क | ४०२ | ०-६-१५-० |
| हत्तिसर्वा | ९।क | ३४६ | ०-३-८-० |
| हत्तिसर्वा | ९।क | ४०१ | ०-६-१५-० |
| हत्तिसर्वा | ९।क | ८०२ | ०-९-०-० |
| विजलपुरा | ५।ख | ३४ | २-४-०-० |
| विजलपुरा | २।ख | ४४५ | ०-६-१४-० |

र निज ऋणीको पति धर्मराज बरालको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी भंगहा वडा नं. ३ख कित्ता नं. ३८७ को क्षेत्रफल १-०-०-० जग्गा र लिगलगा पात समेत।

| कर्जा नं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| ८. विपन्न वर्ग कर्जा नं. ००१०४३०००० ६९८३०००००२ | **ऋणीको नाम** : सुनैना देवी<br>**पतिको नाम** : राम नन्दन राउत<br>**ससुराको नाम** : स्वरुपी राउत कुर्मी<br>जि. धनुषा मानसिंहपट्टी - ०३<br>हाल जनकपुर उप.म.न.पा.- १७ मनहरपुर | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स. कटरैत वडा नं.८ सिट नं. ८ कित्ता नं. ८०४ को क्षेत्रफल ०-१-२-० को जग्गा र लिगलगा पात समेत। |
| ९. व्यापार कर्जा न. ००१०४८०००१ ९५११००००००२ | **ऋणीको नाम** : अरमान किराना एण्ड जेनरल स्टोर्स को प्रो. फिरोज अंसारी<br>**बाजेको नाम** : सम्सेर अंसारी<br>**बुवाको नाम** : मोहम्दीन अंसारी मोमिन<br>जिल्ला महोत्तरी मटिहानी २<br>हाल जिल्ला धनुषा, जनकपुरधाम उप म.न.पा. ८ | निज ऋणी फिरोज अंसारीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा न.पा. वडा नं. ८ सिट नं. १३५५२२ कित्ता नं. १८८ क्षेत्रफल ०-०-४-१ जग्गा र लिगलगा पात समेत। |
| १०. व्यापार कर्जा नं. ००१०३१०००१ २०९८००००००२ | **ऋणीको नाम** : न्यू युवराज किराना पसल को प्रो. अशोक कुमार यादव<br>**बाजेको नाम** : महादेव यादव<br>**बुवाको नाम** : उत्तम प्रसाद यादव<br>जिल्ला धनुषा, सबैला -५<br>हाल जिल्ला धनुषा, कमला न.पा.-२ (माची)<br>**धनजमानीकर्ता** – उत्तम प्रसाद यादव<br>जिल्ला धनुषा, कमला न.पा.-२ (माची) | निज ऋणी को बुवा उत्तम प्रसाद यादव को नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, गा.वि.स माचि झिटकैया वडा नं.२ सिट नं. २क कित्ता नं. १३६२ को क्षेत्रफल ०-०-१०-६ जग्गा र लिगलगा पात समेत। |
| ११. उधोग कर्जा नं. ००१४०१०००० ६९२५०००००३ | **ऋणीको नाम** : राज किराना एण्ड कोल्ड स्टोर्सको प्रो. राजेन्द्र महतो<br>**बुवाको नाम** : रिझन महतो नुनिया<br>**बाजेको नाम** : लक्ष्मण महतो नुनिया<br>जि. धनुषा, बहेडा बेला - १<br>हाल जि. धनुषा नगराईन न.पा. ३ लवटोलि | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. धनुषा, फुलगामा वार्ड नं. - ६ख, कित्ता नं. १०९० को क्षेत्रफल ०-०-५-०, ऐ. ऐ. वार्ड नं. ६ख को कित्ता नं. १५०८ को क्षेत्रफल ०-१-१७.५-० जग्गाहरु र लिगलगा पात समेत। |
| १२. व्यापार कर्जा न. ००१०३१००००२ ६२८००००००१ | **ऋणीको नाम** : अनु एण्ड मनु सप्लायर्स को प्रो. श्रवण कुमार यादव<br>**बाजेको नाम** : सरयुग यादव<br>**बुवाको नाम** : कुमरदेव यादव<br>जि. सिरहा कृष्णपुर- ७, हालः जि. सिरहा, सिरहा न.पा. - ७ | निज ऋणी अनु एण्ड मनु सप्लायर्सको प्रो. श्रवण कुमार यादवको पत्नि गौरी कुमारी नाउँमा दर्ता कायम रहेको जि. धनुषा ज.उ.म.न.पा. वडा नं. १३ सिट नं. १२७५-२२ किता नं. १६६ क्षेत्रफल ०-०-१०-३ जग्गाहरु र लिग लगा पात समेत। |
| १३. व्यापार कर्जा नं. ००१०३१०००० ६६४१०००००२ | **ऋणीको नाम** : हाई अटो को प्रो.अरविन्द कुमार साह,<br>**बाजेको नाम** : हरि देव प्रसाद साह<br>**बुवाको नाम** : राम प्रसाद साह<br>जि. धनुषा, जनकपुर -४ ( लक्की फाउन्डेशन स्कुलको छेउमा ) | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि.ध. जनकपुर न.पा.वडा नं.४ सिट न.१३९५२५ कि.नं.४७० को क्षेत्रफल ०-०-९-२ घरजग्गा समेत। ऐ. ऐ. जि.महोत्तरी गा.वि.स..मटीहानी वडानं.८ कि.नं.४६९ को क्षेत्रफल ०-१-६.७५-० जग्गा र लिगलगा पात समेत। |
| १४. व्यक्तिगत कर्जा नं. ००१०४६०००१ ७६२९०००००२ | **ऋणीको नाम** : मो. बसीरुदीन मिया<br>**बाजेको नाम** : अलिमन मिया<br>**बुवाको नाम** : अहमद अलि मिया<br>जि. महोत्तरी, धिरापुर -९<br>हाल जि. महोत्तरी, मटीहानी न.पा.- ३ धिरापुर<br>**धनजमानीकर्ता–** सैमुन खातुन, जि.महोत्तरी, धिरापुर - ९<br>हाल जि. महोत्तरी, मटीहानी न.पा.- ३ धिरापुर | निज ऋणी मो.बसीरुदीन मिया को नाउँमा दर्ता कायम रहेको जिल्ला महोत्तरी, धिरापुर -६, ६क, कित्ता नं. २०८१ को ०-१-५-० जग्गा र लिगलगा पात समेत। |
| १५. व्यक्तिगत कर्जा नं. ००१०४६०००० ६४८००००००२ कृषि कर्जा नं. ००१०४४०००० ६४८००००००३ | **ऋणीको नाम** : सुमन कुमार महतो<br>**बाजेको नाम** : घुरन महतो सुडी<br>**बुवाको नाम** : शम्भू प्र.महतो<br>जिल्ला महोत्तरी मटिहानी - ६ | निज ऋणी सुमन कुमार महतोको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, गा.वि.स.,न.पा.मटिहानी वडा नं.-१ ,सिट नं १७५०१४८२५ कि.न.३३ को क्षेत्रफल २९८-०-०-०व.मि घर जग्गा.,ऐ.ऐ.वडा न.१को सि.न.१७५०१४८२५ को कि.न.३० को क्षेत्रफल १६.२५-०-०-० व.मि जग्गा र ऐ.ऐ.वडा नं.१को सिट नं १७५०१४८२५ कि.न.२७ को क्षेत्रफल ५५.३१-०-०-० व.मि घर जग्गाहरु र लिगलगा पात समेत। |
| १६. कृषि कर्जा नं. ००१०४४०००० ६८६०००००००२ | **ऋणीको नाम** : गीता कुमारी देवी<br>**पतिको नाम** : शम्भु प्रसाद महतो<br>**ससुराको नाम** : घुरन महतो<br>जिल्ला महोत्तरी, मटिहानी - ६ | निज ऋणी गीता कुमारी देवीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, गा.वि.स. मटिहानी वडा नं. ९, सिट नं ९क कित्ता नं. ८६० को क्षेत्रफल ०-५-४.२५-०, जि. महोत्तरी, गा.वि.स. मटिहानी वडा नं. ३ , सिट नं. ३ कित्ता नं. ३७ को क्षेत्रफल ०-१-९-०, जि. महोत्तरी, गा.वि.स. मटिहानी वडा नं. ३, सिट नं ३ कित्ता नं. ४० को क्षेत्रफल ०-४-१.५-०, जि. महोत्तरी, गा.वि.स. मटिहानी वडा नं. १, सिट नं १ कित्ता नं. १३१ को क्षेत्रफल ०-२-०-० र जि. महोत्तरी, गा.वि.स. मटिहानी वडा नं. १, सिट नं १ कित्ता नं. १३० को क्षेत्रफल ०-२-०-० को जग्गाहरु र लिगलगा पात समेत। |
| १७. व्यक्तिगत कर्जा नं. ००१०४६०००० ६८८८०००००४ | **ऋणीको नाम** : सुवेदा खातुन<br>**पतिको नाम** : जाहिद कवारी<br>**ससुराको नाम** : मोसलीम कवारी<br>जिल्ला महोत्तरी खुट्टापिपराडी ५<br>हाल जिल्ला महोत्तरी लोहरपट्टी ४, खुट्टापिपराडी | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, खुट्टापिपरडी वडा नं. ४ सिट नं.-४क कित्ता नं. १३८६ को क्षेत्रफल ०-०-८.५-० र ऐ.ऐ. कित्ता नं. १३४० को क्षेत्रफल ०-०-११.२५-० को जग्गाहरु र लिगलगा पात समेत। |
| १८. विपन्न वर्ग कर्जा नं. ००१०४३०००१ २०५७०००००३ | **ऋणीको नाम** : मो. सफिक लहेरी<br>**बाजेको नाम** : जलिल लहेरी<br>**बुवाको नाम** : सकुर लहेरी<br>जि. महोत्तरी मटिहानी - ७ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी मटिहानी वार्ड नं. ७ किता नं. २५८ क्षेत्रफल ५१ वर्गमिटर घरजग्गा, ऐ. ऐ. वार्ड नं. ९क किता नं. ९३० को क्षेत्रफल ०-०-१२-०, ऐ. ऐ. वार्ड नं. ७ ख किता नं. १००६ क्षेत्रफल ०-०-११-० जग्गाहरु र लिगलगा पात समेत। |
| १९. सहुलियतपूर्ण कर्जा नं. ००३०३७०००१ १५७९०००००२ | **ऋणीको नाम** : विना पशुपालन फर्म प्रो. श्रीमति विना कुमारी<br>**ससुराको नाम** : श्री देव नारायण महतो<br>**पतिको नाम** : श्री उपेन्द महतो<br>जि.सिरहा, वेतौना वार्ड नं.०९ हाल जि. सिरहा, गोलवजार न.पा.१२ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, फुलवरीया वार्ड नं.२ख, कि.नं. ३९३२ को ०-१-७-८ जग्गा र लिगलगा पात समेत। |
| २०. सहुलियतपूर्ण कर्जा नं. ००३०३७०००१ १५६००००००२ | **ऋणीको नाम** : लक्ष्मी कृषि फर्म प्रो. ककुलती वति देवी<br>**ससुराको नाम** : श्री महादेव यादव<br>**पतिको नाम** : श्री राम एकवाल यादव<br>जि. सिरहा, सितापुर.प्र.रा. गा. वि. वार्ड नं.०९<br>हाल जि. सिरहा, मिर्चैया न.पा. ११ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, सितापुर वार्ड नं. ३ क, कि.नं. ६०३ को ०-०-१३-० जग्गा , जि. सिरहा, सितापुर वार्ड नं. ३ क, कि.नं. ६०५ को ०-१-०-० जग्गा र जि. सिरहा, ग.महेशपुर वार्ड नं. ६ , कि.नं. २६२ को ०-१२-१८-० जग्गा र लिगलगा पात समेत। |
| २१. व्यक्तिगत कर्जा नं. ००३०३८०००१ १४२८०००००२ | **ऋणीको नाम** : सिमला लामा<br>**ससुराको नाम** : श्री लक्ष्मण लामा<br>**पतिको नाम** : श्री श्याम कुमार लामा<br>जि. सिरहा, धनगढी.वार्ड नं.०६<br>हाल जि. सिरहा, धनगढीमाइ न.पा. ०८ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, चैनपुर, वार्ड.नं. ७क, कित्ता नं. ६७२ को ०-१२-१६.४-० जग्गा र लिगलगा पात समेत। |
| २२. व्यापार कर्जा नं. ००३०३१०००१ १४००००००००२ | **ऋणीको नाम** : उमाशंकर जेनरल सप्लायर्स ट्रेडर्स प्रो. कविता कुमारी यादव<br>**ससुराको नाम** : श्री हंसलाल यादव<br>**पतिको नाम** : श्री सुरेन्द्र यादव<br>जि. सिरहा चन्द्रलालपुर वार्ड नं. ०३,<br>हाल गोलवजार न. पा. ०८ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, चन्द्रलालपुर, गा.वि.स. वार्ड नं. १ कित्ता नं. ३०२७ को ०-०-९-० जग्गा र लिगलगा पात समेत। |
| २३. व्यापार कर्जा नं. ००३०४८०००१ १७५२०००००२ | **ऋणीको नाम** : रोशनी कस्मेटिक जेनरल स्टोर प्रो. अनिता देवी दास<br>**ससुराको नाम** : श्री उपेन्द्र दास<br>**पतिको नाम** : श्री नन्दु दास<br>जि. सिरहा जानकीनगर वार्ड.नं. ०४ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, चैनपुर, वार्ड नं. ७, कित्ता नं. ३३० को ०-५-०-० जग्गा र लिगलगा पात समेत। |
| २४. व्यक्तिगत कर्जा नं. ००३०३८०००१ १३८५०००००२ | **ऋणीको नाम** : नैन कुमारी दास<br>**ससुराको नाम** : श्री चलितर दास<br>**पतिको नाम** : श्री फगुनि दास<br>जि. सिरहा, धनगढी वार्ड नं. ०७<br>हाल जिल्ला सिरहा, धनगढीमाइ न.पा. ०९ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, चैनपुर, वार्ड नं.७, कित्ता नं. २९८ को ०-१-१५-० जग्गा र लिगलगा पात समेत। |
| २५. विपन्न वर्ग कर्जा नं. ००३०४३०००१ १८०१००००४ | **ऋणीको नाम** : शैल कुमारी पाल<br>**ससुराको नाम** :श्री दुखि पाल<br>**पतिको नाम** : श्री कुमर प्रसाद पाल<br>जि. सिरहा, सिरहा वार्ड.नं. ०९<br>हाल जि. सिरहा, सिरहा.न.पा. ०९ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, सारस्वर वार्ड नं. ६, कित्ता नं. ७६९ को ०-३-१०-०को जग्गा र लिगलगा पात समेत। |
| २६. व्यापार कर्जा नं. ००३०३१००००३ १३८००००००२ | **ऋणीको नाम** : मनोज इन्टरप्राइजेज प्रो. श्री मनोज कुमार महतो<br>**बाजेको नाम** : श्री जुगल महतो<br>**बुवाको नाम** : श्री राम कृपाल महतो<br>जि. सिरहा, भेडिया वार्ड नं.०८<br>हाल जि. सिरहा,मिर्चैया न.पा. ०५ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, रामनगर, वार्ड नं.४ख, कित्ता नं. ३०३० को ०-०-४-२ जग्गा र लिगलगा पात समेत। |
| २७. विपन्न वर्ग कर्जा नं. ००३०४३०००१२ ०१३००००००२ | **ऋणीको नाम** : श्री दानी राम मोची<br>**बाजेको नाम** : श्री भाइजी मोची<br>**बुवाको नाम** : श्री वौएलाला मोची<br>जि. सिरहा, सुखिपुर.वार्ड नं.०९<br>हाल जि. सिरहा,सुखिपुर न.पा.०६ | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, दहिपौडी, वार्ड.नं.८, कि.नं. ३१४४ को ०-२-०-० जग्गा र लिगलगा पात समेत। |

**शर्तहरू** :

१. सिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यसै वित्तीय संस्थाको कार्यालयमा, कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र सादा कागजमा वा संस्थामा रहेको फर्ममा लेखी बोलपत्रबालाको सम्पुर्ण बिबरण (नाम, ठेगाना) तथा हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर "जग्गा खरीदको बोलपत्र" समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको प्रभु बैंक लि., जनकपुर शाखाको हिसाव नं.०५३००२२००८००००१२ मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको ४:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम दिन र बोलपत्र खोल्ने दिन वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाँकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. बोलपत्र आंशिक वा पुर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ।
९. दाखिल खारेज गर्न अड्डामा लाग्ने दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
१०. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र खोल्ने मिति : २०८३ साल असोज १ गते बिहिवारका दिन दिउंसो ४:००बजे।**

**जानकी फाइनान्स कम्पनी लिमिटेड**
**JANAKI FINANCE COMPANY LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था, प्रादेश स्तरीय (मधेश प्रदेश)
"सुलभ तथा सजिलो वित्तीय सेवा"
सम्पर्क नं. ०४१ - ५९०५८७ र ८८

# स्थानीय तहका नागरिकलाई सहुलियतमा उपचार



खोटाङ । जिल्लाका तीन स्थानीय तहका अतिविपन्न नागरिकका लागि देशका विभिन्न अस्पतालले स्वास्थ्य उपचारमा सहुलियत दिने भएका छन्।

हलेसी तवाचुङ नगरपालिका तथा खोटेहाङ गाउँपालिका र जन्तेढुङ्गा गाउँपालिकाका अतिविपन्न नागरिकलाई काठमाडौँ मेडिकल कलेज (केएमसी) अस्पताल र नोवेल मेडिकल कलेज विराटनगरले उपचारमा ५० प्रतिशतसम्म सहुलियत दिने भएको हो।

काठमाण्डुस्थित सिनामङ्गलमा प्रधान कार्यालय रहेको केएमसी अस्पतालले विभिन्न शाखामार्फत सहुलियतमा स्वास्थ्य सेवा उपलब्ध गराउने स्थानीय तहसँग गरिएको सम्झौतामा उल्लेख छ।

स्थानीय तहसँगको सम्झौताअनुसार केएमसीले सिनामङ्गलमा उपचार गराउन आउने नागरिकका लागि २५ प्रतिशत तथा दुवाकोट भक्तपुरमा आउनेका लागि ५० प्रतिशतसम्म सहुलियत दिने भएको छ।

हलेसी तुवाचुङ नगरपालिकाले नोबेल मेडिकल कलेज विराटनगरमार्फत अतिविपन्न नागरिकका लागि उपचारमा सहुलियत दिलाउने विषयमा सम्झौता गरेको छ।

जिल्लाको दोस्रो ठूलो स्थानीय तह (एघार वटा वडा रहेको) यो नगरपालिकाका नागरिकलाई नोबेल मेडिकल कलेज विराटनगरले २० प्रतिशत सुहलियत दिने भएको हो । अतिविपन्न वर्गका २० जनालाई केएमसी अस्पताल दुवाकोटमा एक वर्षसम्म स्वास्थ्य उपचारमा शतप्रतिशत छुट उपलब्ध हुने व्यवस्था मिलाइएको नगरप्रमुख विमला राईले जानकारी दिनुभएको छ।

"नगरपालिकामा निर्माणाधीन आधारभूत अस्पताल सञ्चालनमा ल्याउन सकिएको छैन । नागरिक उपचारका लागि बाहिरी जिल्ला धाउनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "आफ्नै खर्चमा स्वास्थ्य उपचार गराउनसक्ने अवस्था छैन। उपचार नपाएर अकालमा ज्यान गुमाउन नपरोस् भनेर काठमाडौँ मेडिकल कलेज र नोवेल मेडिकल कलेजसँग सहुलियतमा उपचारको व्यवस्था मिलाएका हौँ।"

खोटेहाङ गाउँपालिकाले ग्लोबल मेडिकल कलेज विराटनगर र काठमाण्डु मेडिकल कलेजमा ५० प्रतिशत सहुलियतका लागि सम्झौता गरेको छ । अतिविपन्न नागरिकको स्वास्थ्य उपचारमा सहुलियत दिलाउन दुवै अस्पतालमा एक वर्षका लागि सम्झौता गरिएको गाउँपालिका प्रमुख उदिमबहादुर राईले जानकारी दिनुभएको छ।

जन्तेढुङ्गा गाउँपालिकाले पनि दुई अस्पतालसँग सम्झौता गरेको छ । नागरिकलाई सहुलियतमा स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँपालिकाले काठमाडौँ मेडिकल कलेज र नोबेल मेडिकल कलेज विराटनगरसँग सम्झौता गरेको हो।

गाउँपालिकाभित्रका अतिविपन्न नागरिकलाई सहुलियतमा उपचार सेवा उपलब्ध गराउने लक्ष्यका साथ दुई अस्पतालसँग सम्झौता गरिएको गाउँपालिका प्रमुख अरुणादेवी राई 'दीक्षा'ले जानकारी दिनुभयो।

उपचारमा सहुलियत दिने विषयमा अस्पतालसँग गरिएको सम्झौताअनुसार सेवा लिने नागरिकले स्थानीय तहको सिफारिस अनिवार्य लिनुपर्ने व्यवस्था गरिएको छ।

जिल्लाका अन्य स्थानीय तहले अतिविपन्न नागरिकका लागि स्वास्थ्य सेवामा सहुलियत दिलाउन विभिन्न अस्पतालसँग पहल गरिरहेका छन्।

दश स्थानीय तह रहेको जिल्लामा भरपर्दो स्वास्थ्य सेवा उपलब्ध हुने अस्पताल तथा दक्ष जनशक्तिको अभाव छ । सुविधा सम्पन्न अस्पतालमा लैजान बिरामीका आफन्तले चर्को शुल्क तिरेर हेलिकप्टर चार्टर गर्नुपर्ने अवस्था छ।

विसं २०४९ वैशाख १ गते १५ शय्या क्षमतामा स्थापना गरिएको जिल्ला अस्पताल खोटाङलाई विसं २०८२ असार २२ गते ५० शय्याको सेवा विस्तार गरिएको थियो।

कोशी प्रदेश सरकारका तत्कालीन भौतिक पूर्वाधार विकास तथा स्वास्थ्यमन्त्री भूपेन्द्र राईले सेवा विस्तारको घोषणा गर्नुभएको जिल्ला अस्पतालमा अहिलेसम्म उक्त सेवा उपलब्ध नरहेको सेवाग्राहीले गुनासो गरेका छन्।

अस्पताल स्थापना भएको ३३ वर्षपछि ५० शय्यामा स्तरोन्नतिको घोषणा गरिएको अस्पतालका लागि निर्माणाधीन भवन हालसम्म पनि सम्पन्न भएको छैन । निर्माणाधीन अस्पताल भवनको काम सम्पन्न नभई हचुवाका भरमा ५० शय्याको सेवा शुभारम्भ गरिएको भन्दै स्थानीयले जिल्लामा हुने सार्वजनिक कार्यक्रम तथा सामाजिक सञ्जालमा असन्तुष्टि व्यक्त गर्दै आएका छन्। रासस

# तलब माग्दै करार कर्मचारीहरु धर्नामा

**टुडे समाचारदाता**

रौतहट। लामो समयदेखि तलब नपाएको भन्दै रौतहटको गढीमाई नगरपालिकामा कार्यरत करार कर्मचारीहरू नगरपालिका कार्यालय परिसरमा धर्नामा बसेका छन्।



बक्यौता तलब रकम भुक्तानीको माग गर्दै सम्पूर्ण करार कर्मचारीको आयोजनामा सुरु गरिएको शान्तिपूर्ण धर्नामा नगरपालिकाका विभिन्न वडा, शाखा तथा कार्यालयमा कार्यरत करार कर्मचारीहरूको सहभागिता रहेको छ।

लामो समयदेखि आफूहरूले पाउनुपर्ने तलब तथा भत्ता नपाएको भन्दै कर्मचारीहरूले तत्काल बाँकी रकम भुक्तानी गर्न माग गरे। कर्मचारी रामपुजन रायका अनुसार करार कर्मचारीको बाँकी तलब-भत्ता उपलब्ध गराउनुपर्ने, उनीहरूका मागप्रति सम्बन्धित निकाय गम्भीर बन्नुपर्ने तथा करार कर्मचारी माथि भइरहेको विभेद अन्त्य गर्नुपर्ने माग आफूहरुको रहेको बताएका छन्।

कर्मचारी राकेश पटेलले आफ्ना माग पूरा नभएसम्म शान्तिपूर्ण धर्ना जारी राख्ने बताए। आन्दोलनका क्रममा कुनै अप्रिय घटना भए त्यसको जिम्मेवारी नगरपालिकाको हुने उनले चेतावनी समेत दिए।

धर्ना कार्यक्रम शान्तिपूर्ण रूपमा भइरहेको छ। उनीहरूले लामो समय देखि रोकिएको तलब-भत्ता तत्काल उपलब्ध गराई समस्या समाधान गर्न नगरपालिकासँग जोडदार रुपमा माग गरे।

उता गढीमाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले अहिले खाता सञ्चालन भएको छैन, खाता संचालन भएपछि उनीहरुको भुक्तानी गरिने छ, भुक्तानी गर्न करिव दुई करोडसम्म लाग्न सक्ने बताएका छन्।

करिव एक सय भन्दा बढि करारका कर्मचारी कार्यरत रहदा पछिल्ला ७ महिना देखि लिएर तिन महिना सम्मको तलव भत्ता बाकी रहेको हुँदा खाता संचालन भएपछि मात्रै भुक्तानी प्रक्रियामा जाने उनले स्पष्ट पारे।

गढीमाई नगरपालिकाका कार्यवाहक मेयर स्मीता कुमारी यादवले असोज १५ गतेसम्म सबै करार कर्मचारीको बाँकी तलब-भत्ता भुक्तानी गरिने प्रतिबद्धता जनाएकी छन्।

# चार बुँदे सहमति पश्चात हरवा चरवाको धर्ना स्थगित

वार्ताका क्रममा संघर्ष समितिका पदाधिकारीहरूले मन्त्रालयको कार्यविभाजन नियमावली संशोधन गर्नुपर्ने, हरवा चरवाको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरणसम्बन्धी निर्देशिका तयार गर्नुपर्ने र यसअघि तयार भई स्वीकृतिको पर्खाइमा रहेका निर्देशिकाका मस्यौदालाई आवश्यक परिमार्जन गर्न समिति गठन गर्नुपर्ने लगायतका प्रस्ताव अघि सारेका थिए।

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकार र हरवा चरवा संघर्ष समितिबीच चार बुँदे सहमति भएपछि विगत एक सातादेखि जारी हरवा चरवाहरूको धर्ना स्थगित भएको छ।



हरवा चरवा परिवारको लगत संकलन तथा प्रमाणीकरण गरी परिचयपत्र उपलब्ध गराउने र भूमिहीन हरवा चरवा परिवारको पहिचान गर्दै दीगो पुनःस्थापना सुनिश्चित गर्ने स्पष्ट कार्ययोजना तत्काल स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने मागसहित संघर्ष समितिले मधेश प्रदेश सरकारको प्रशासनिक केन्द्र मधेश भवनअगाडि सात दिनदेखि धर्ना दिँदै आएको थियो।

मंगलबार प्रदेश सरकारका प्रतिनिधि तथा भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलको उपस्थितिमा संघर्ष समितिसँग भएको वार्तामा चार बुँदे सहमति जुटेपछि आन्दोलनका कार्यक्रम तत्कालका लागि स्थगित गरिएको संघर्ष समितिका संयोजक श्रीप्रसाद सादाले जानकारी दिए।

वार्ताका क्रममा संघर्ष समितिका पदाधिकारीहरूले मन्त्रालयको कार्यविभाजन नियमावली संशोधन गर्नुपर्ने, हरवा चरवाको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरणसम्बन्धी निर्देशिका तयार गर्नुपर्ने र यसअघि तयार भई स्वीकृतिको पर्खाइमा रहेका निर्देशिकाका मस्यौदालाई आवश्यक परिमार्जन गर्न समिति गठन गर्नुपर्ने लगायतका प्रस्ताव अघि सारेका थिए।

संयोजक सादाका अनुसार मन्त्रालयको कार्यविभाजन नियमावली परिमार्जनका विषयमा मन्त्रालयका सचिव कार्यालयबाहिर रहेकाले उहाँ कार्यालय फर्किएलगत्तै मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठक बोलाएर परिमार्जन प्रक्रिया अघि बढाउने सहमति भएको छ।

त्यसैगरी, कार्यविभाजन नियमावली परिमार्जनसँगै हरवा चरवाको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्रसम्बन्धी निर्देशिका तयार पारिने भएको छ। त्यसका लागि कानून, गृह तथा अर्थ मन्त्रालयको सहमति लिएर निर्देशिका तयार गरी मन्त्रिपरिषद्को बैठकमा पेश गर्ने निर्णयसमेत भएको छ।

यसैगरी, विगतमा तयार भई स्वीकृतिको पर्खाइमा रहेका निर्देशिकाका मस्यौदा आवश्यकताअनुसार परिमार्जन गर्न मन्त्रालयका कृषि प्रसार अधिकृत अविनाश कुमार झाको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरिएको छ। समितिमा हरवा चरवा संघर्ष समितिका प्रतिनिधिहरूलाई समेत सहभागी गराइएको छ। उक्त समितिले कार्यविभाजन नियमावली परिमार्जन भएको सात दिनभित्र आफ्नो काम सम्पन्न गर्ने सहमति भएको संयोजक सादाले बताए।

चार बुँदे सहमतिपछि संघर्ष समितिले एक सातादेखि मधेश भवनअगाडि गर्दै आएको धर्नासहितका आन्दोलनका कार्यक्रम स्थगित गर्ने निर्णय गरेको हो। सोमवार मन्त्री पटेलले संघर्ष समितिका पदाधिकारीसँग आन्दोलन स्थगन गर्न भन्दै मंगलवार वार्ता गर्ने भनी प्रतिबद्धता जनाएका थिए।

यद्यपि, वार्ताका क्रममा संघर्ष समितिका केही पदाधिकारीहरूले सहमतिप्रति असन्तुष्टि जनाएका थिए। उनीहरूले सहमति तत्काल कार्यान्वयन हुने सुनिश्चितता नभएको भन्दै यसलाई 'उधारोको सहमति' भएको बताएका थिए। सचिव कहिले कार्यालय फर्किने र कहिले प्रस्ताव मन्त्रिपरिषद्मा पेश हुने भन्ने विषयमा निश्चित मिति तोकिनुपर्ने उनीहरूको माग थियो।

संघर्ष समितिको उक्त असन्तुष्टिबारे मन्त्री श्याम पटेलले मन्त्रालयका सचिव हाल कार्यालयबाहिर रहेको र उहाँ कार्यालय फर्किएपछि प्रक्रिया अघि बढाइने बताए। सचिव फर्किएलगत्तै मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव लैजान मुख्यमन्त्रीबाट निर्देशन प्राप्त भएकाले सोहीअनुसार सहमति गरिएको मन्त्री पटेलले आन्दोलनरत पक्षलाई जानकारी गराएका थिए।

## तत्कालिन निमित प्रमुख काफ्लेसहित पांच जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

रौतहट। रौतहटस्थित पर्यटन विकास कार्यालयका तत्कालीन निमित्त प्रमुखसहित पाँच जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले पर्यटन विकास कार्यालय गौरका तत्कालीन निमित्त प्रमुख राजेश काफ्ले, इन्जिनियर सुदीप प्रकाश तिमल्सेना र नितिशकुमार पटेलसहित पाँच जनालाई प्रतिवादी बनाएर मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाइएको छ।

आयोगका अनुसार रौतहटको परोहा नगरपालिका-९ स्थित राधाकृष्ण मन्दिरको थप मर्मत तथा निर्माण कार्यमा तोकिएको मापदण्ड पालना नगरी न्यून गुणस्तरको काम गरिएको र त्यस क्रममा अनियमितता भएको उजुरी परेको थियो।

उजुरीमाथि अनुसन्धान गर्दा आर्थिक वर्ष २०८१/८२ मा मन्दिर निर्माण तथा मर्मतका क्रममा अनियमितता भएको पाइएको आयोगले जनाएको छ। निर्माण कार्यमा संलग्न पदाधिकारी तथा उपभोक्ता समितिका जिम्मेवार व्यक्तिहरूको भूमिकासमेत अनुसन्धानबाट देखिएपछि उनीहरूविरुद्ध मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

मुद्दामा काफ्ले, इन्जिनियरद्वय तिमल्सेना र पटेलसँगै अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण तथा राधाकृष्ण मन्दिरको अधुरो निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष खहेरु साह तेली र कोषाध्यक्ष कुन्ती देवीलाई पनि प्रतिवादी बनाइएको छ।

आयोगले सार्वजनिक निर्माणमा तोकिएको मापदण्ड तथा गुणस्तरविपरीत काम गरी राज्यको स्रोतको दुरुपयोग गरेको आरोपमा उनीहरूविरुद्ध कानुनी कारबाही अघि बढाएको हो।

# कोशी नदीको बहाव २ लाख क्युसेक बढी पुग्यो

**टुडे समाचारदाता**

राजविराज। कोशी नदीमा पानीको बहाव बढेर दुई लाख क्युसेक नाघेको छ। मंगलबार साँझ ५:२० बजे मापन गरिएको विवरणअनुसार कोशी ब्यारेजमा २ लाख ३ हजार १ सय ९५ क्युसेक पानीको बहाव बढेर गएको छ।

पानीको बहावको अवस्था हाल स्थिर रहेको जनाइएको छ। यद्यपि, ब्यारेजमा पानीको सतह खतरा तहमा पुगेको छ। बढ्दो पानीको दबाब व्यवस्थापन गर्न कोशी ब्यारेजका २४ वटा ढोका खोलिएका छन्।

नदीमा पानीको बहाव खतरा तहमा रहेकाले कोशी आसपासका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ। सम्बन्धित निकायले नदीको बहाव निरन्तर निगरानी गरिरहेको जनाएको छ।

मौसम तथा माथिल्लो क्षेत्रमा हुने वर्षाका आधारमा कोशीमा पानीको बहाव थप घटबढ हुन सक्ने भएकाले तटीय क्षेत्रका बासिन्दालाई सावधानी अपनाउन भनिएको छ।

## फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका पाँच जना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेको छ।

धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा प्रहरी टोलीले खोजतलास गरी उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पठाइएको प्रहरीले जनाएको छ।

जालसाजी मुद्दामा १२ हजार ५ सय रुपैयाँ जरिवाना, कर्तव्य ज्यान मुद्दामा ३ वर्ष कैद, कुटपिट मुद्दामा १२६ रुपैयाँ ५० पैसा जरिवाना र अर्को कुटपिट मुद्दाका फरार प्रतिवादी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

त्यस्तै, आगलागी मुद्दामा ५ वर्ष कैद सजाय तोकिएका एक जना प्रतिवादीसमेत पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार उनीहरूलाई मंगलबार पक्राउ गरी अदालतमा बुझाइएको हो।

प्रहरीले अदालतबाट सजाय तोकिएपछि फरार रहेका अन्य प्रतिवादीको समेत खोजी तथा पक्राउ अभियान जारी रहेको जनाएको छ।

# लक्ष्मिनिया गाउँपालिकाद्वारा बाढी पिडीतलाई रु. २९ लाख बढीको राहत

**टुडे समाचारदाता**

जनकपुरधाम। रसुवाको भोटेकोशी सहित विभिन्न नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाले २९ लाख रुपैया भन्दा बढी रकम सहयोग गर्ने भएको छ।



गाउँ कार्यपालिकाको मंगलबार बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २९ लाख ६५ हजार ५८२ रुपैयाँ जम्मा गर्ने निर्णय गरिएको जनाइएको छ।

गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झाका अनुसार उक्त रकममध्ये गाउँपालिकाको तर्फबाट ११ लाख ११ हजार १११ रुपैयाँ, सम्पूर्ण जनप्रतिनिधिको तर्फबाट ५ लाख २३ हजार ५०० रुपैयाँ, कर्मचारीको तर्फबाट ५ लाख ४६ हजार ७९९ रुपैयाँ तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तर्फबाट ७ लाख ८४ हजार १७२ रुपैयाँ सहयोग गर्ने निर्णय भएको हो।

गाउँपालिकाले भदौ १० गते तिब्बत-नेपाल सीमा क्षेत्रबाट भोटेकोशी नदी हुँदै आएको अभूतपूर्व बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गरेको छ।

अध्यक्ष झाले जनाए अनुसार कर्मचारी तथा शिक्षक-कर्मचारीबाट संकलित रकम उनीहरूको सेवा सुविधाबाट निश्चित दिनको तलब कट्टा गरी योगदान गरिएको हो। अधिकृतस्तरका कर्मचारीबाट सात दिन, सहायकस्तरबाट पाँच दिन र श्रेणीविहीन सहयोगीस्तरबाट दुई दिनको तलब योगदान गरिएको हो।

त्यसैगरी, माध्यमिक तहका शिक्षकबाट सात दिन, आधारभूत तहका शिक्षकबाट पाँच दिन तथा सहयोगी कार्यकर्ता र कर्मचारीबाट दुई दिनको तलब योगदान गरिएको गाउँपालिकाले जनाएको छ।

बैठक पश्चात एक प्रेस विज्ञप्ति जारी गरी गाउँपालिकाले राहत सहयोग बारे जानकानरी समेत गराएको छ। सो विज्ञप्तिमा बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ भने घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित नागरिकको तत्काल उद्धार, सुरक्षित पुनःस्थापना र सहज जनजीवनका लागि शुभकामना व्यक्त गरिएको छ।

राष्ट्रिय विपद्को समयमा प्रभावित नागरिकलाई सहयोग गर्नु सबैको मानवीय दायित्व भएको उल्लेख गर्दै प्रमुख प्रशासकीय अधिकृत मिथिलेश ठाकुरले सहानुभूतिमा मात्र सीमित नरही सहयोग, समन्वय, सहकार्य र ऐक्यबद्धताका साथ राहत तथा पुनःस्थापना अभियानमा जुट्न सबैलाई आग्रह गरे।

# प्रधानाध्यापक कुटेको आरोपमा एक युवक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको बलरा नगरपालिक ४ स्थित श्री रामसखी मोहित सिंह उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई कुटपिट गरिएको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।





विद्यालयका प्रधानाध्यापक वीरेन्द्र झामाथि कुटपिट भएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरीले घटनाबारे अनुसन्धान थालेको थियो।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार विद्यालयमा सरसफाइ गराउने विषयमा विद्यार्थीलाई गालीगलौज तथा दुर्व्यवहार गरेको भनिएको विषयलाई लिएर विद्यार्थी र शिक्षकबीच छलफल भइरहेको थियो। सोही क्रममा प्रधानाध्यापक झामाथि युवकद्वारा कुटपिट भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

कुटपिटबाट प्रधानाध्यापक झा सामान्य घाइते भएको तथा उनको सवारीसाधनसमेत तोडफोड गरिएको प्रहरीले जनाएको छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले बलरा नगरपालिका-२ का २० वर्षीय अभिषेक कापडलाई पक्राउ गरिएको हो। उनको संलग्नताबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता तथा सूचना अधिकारी डीएसपी वेदप्रसाद गौतमद्वारा जारी विज्ञप्तिमा घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान तथा भूमिकाबारे समेत अनुसन्धान भइरहेको उल्लेख छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८